बचत गर्दा ध्यान दिऔं ।
सहकारीलगायत वित्तीय संस्थामा रकम जम्मा गर्दै हुनुहुन्छ ?
हो भने,
त्यस्ता संस्थाको वित्तीय विश्वसनीयताको परीक्षण गर्न नबिर्सौं । अधिक लाभको लोभमा नफसौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
# प्रतीक दैनिक
राष्ट्रिय 'क' वर्ग
eprateekdaily.com

Kirloskar Oil Engines


अधिकृत बिक्रेताः
महाकाली इन्टरनेशनल प्रा.लि.
मुर्ली, वीरगंज-१३, पर्सा
मोः ९८५५०२२५८०

❖ वर्ष ३५ ❖ २०७९ असार ०९ गते बिहीवार // मृत भस्म नबन्दैमा भिल्को भैकन बल्नुछ // 2022 June 23 Thursday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २९५

## ऐलानी जग्गाको नक्कली पुर्जा बनाइ
## पोखरी खन्ने बहानामा भ्रष्टाचार

प्रस, वीरगंज, ८ असार/
पर्साको धोबिनी गाउँपालिका वडा नं ३ तत्कालीन हरिहरपुर गाविस वडा नं ९ मा सिक्टा नदीको छेउमा रहेको चार बिघा सार्वजनिक जग्गा एकजना व्यक्तिले आफ्नो नाममा दर्ता गराएको समाचार प्राप्त भएको छ ।


तस्वीरः प्रतीक




कालिकामाई गापा-१, मुर्ली निवासी असर्फी ठाकुर लोहारले मालपोत तथा नापीका कर्मचारीहरूलाई आर्थिक प्रलोभनमा पारी आफ्नो नाममा सो सार्वजनिक जग्गा दर्ता गराएको कालिकामाई गापा-१, मुर्ली निवासी सन्देश यादवले जानकारी दिएका छन् ।

धोबिनी-३ सिक्टा नदीको छेउमा रहेको कित्ता नं ४०७ को एक बिघा १० कट्ठा १० धुर, कित्ता नं ४२३ को एक बिघा १८ कट्ठा १४ धुरलगायतका सार्वजनिक ऐलानी जग्गा आफ्नो नाममा दर्ता गराएपछि स्थानीयहरूले जिल्ला अदालत, पर्सामा मुद्दा दर्ता गराएका छन् ।

यादवले २०२२ सालको फिल्डबूकमा कित्ता नं ४०७ मा जग्गाधनीको महलमा सिक्टा नदी तथा कित्ता नं ४२३ मा जग्गाधनीको महलमा बालुवा लेखिएकोमा कर्मचारीहरू मिलेमतोमा २०७२ असार ६ गते कालिकामाई गापा-१, मुर्ली निवासी असर्फी ठाकुर लोहारको नाममा मालपोत कार्यालयले पुर्जा दिएको देखिन्छ । अहिले भूमाफिया लोहारले सो जग्गा देखाएर कृषि अनुदानमा लाखौं रुपैयाँ लिएको खुलेको छ । अनुदानको रकमबाट लोहारले गत आर्थिक वर्षमा सो जग्गामा पोखरी खनेका थिए ।

प्रदेश सरकारले कृषि अनुदानको रकम लोहारलाई दिएको हो । स्थानीयहरूले नदीछेउको सार्वजनिक जग्गामा प्रदेश सरकारले पोखरी खन्न अनुदान रकम दिएको स्थानीयहरूले थाहा पाएर सोको विरोध गर्दै जिल्ला अदालतमा मुद्दा दर्ता गरेपछि अहिले कर्मचारी तथा लोहारले फस्ने डरले सरकारी अनुदानको रकमबाट खनिएको पोखरी पुरेका छन् ।

पोखरी खनिएको जग्गामा अहिले उखु रोपिएको छ ।

## इन्धनको आयातमा ७८ प्रतिशतले वृद्धि

प्रस, वीरगंज, ८ असार/
देशकै प्रमुख व्यापारिक नाका वीरगंजबाट इन्धनको आयात उल्लेख्य मात्रामा वृद्धि भएको छ । गत आर्थिक वर्षको ११ महीनाको तुलनामा चालू आवको सोही अवधिमा वीरगंज नाकाबाट इन्धनको आयातमा ७८ प्रतिशतले वृद्धि भएको छ ।


तस्वीरः प्रतीक

गत आवको साउनदेखि जेठसम्ममा वीरगंज नाकाबाट ७४ अर्ब ३४ करोड ६६ लाख मूल्यबराबरको १४ लाख १८ हजार २१७ किलोलिटर डिजल, पेट्रोल, मटीतेल, हवाई इन्धन आयात भएको थियो भने चालू आवको सोही अवधिमा वीरगंज नाकाबाट एक खर्ब ५३ अर्ब ३६ करोड सात लाख मूल्यको २५ लाख ३१ हजार ६६० किलोलिटर इन्धन आयात भएको छ । यो गत आवभन्दा १०६.२७ प्रतिशत बढी मूल्यको ७८.५१ प्रतिशत बढी इन्धन आयात भएको हो ।

त्यसैगरी, वीरगंज नाकाबाट एलपी ग्याँसको आयातमा करीब आठ प्रतिशतले वृद्धि भएको छ । गत आवमा दुई लाख ३९ हजार ६३८ मेट्रिक टन ग्याँस आयात भएकोमा चालू आवको सोही अवधिमा १८ हजार ५०० मेट्रिक टन बढी अर्थात् दुई लाख ५८ हजार १५० मेट्रिक टन ग्याँस आयात भएको वीरगंज भन्सार कार्यालयले जनाएको छ ।

वीरगंज नाकाबाट डिजेल, पेट्रोल, हवाई इन्धन तथा एलपी ग्याँसको आयातमा वृद्धि भएपनि मटीतेलको आयात ३० प्रतिशतले घटेको छ । गत आवमा ११ हजार २२० किलोलिटर आयात भएकोमा चालू आवमा तीन हजार ३६० किलोलिटर कम अर्थात् सात हजार ८६० किलोलिटर मटीतेल आयात भएको वीरगंज भन्सार कार्यालयका सूचना अधिकारी सुमित गुप्ताले जानकारी दिए ।

उनले वीरगंज नाकाबाट डिजेल, पेट्रोल, मटीतेललगायतका इन्धन र एलपी ग्याँसबाट गत आवभन्दा चालू आवमा करीब ३४ प्रतिशत बढी राजस्व सङ्कलन भएको छ । गत आवमा ५४ अर्ब ५३ करोड ९२ लाख रुपियाँ राजस्व सङ्कलन भएकामा चालू आवमा १८ अर्ब २८ करोड ३४ लाख बढी अर्थात् ७२ अर्ब ८२ करोड २६ लाख रुपियाँ राजस्व सङ्कलन भएको उनले बताए ।

नेपालको लागि कुल आवश्यकमध्ये ७० प्रतिशत इन्धन र ८५ प्रतिशत एलपी ग्याँसको आपूर्ति वीरगंज नाकाबाट हुने गरेको छ ।

## पर्सागढीमा पर्यटकीय पार्क निर्माणको लागि निरीक्षण

बलिराम शुक्ला, बिरुवागुठी, ८ असार/
मधेस प्रदेशको उद्योग, पर्यटन तथा वन मन्त्रालयको योजना अन्तर्गत बुधवार पर्सागढी नगरपालिका वडा नं ३ मा पर्यटकीय पार्क निर्माणको लागि स्थलगत निरीक्षण गरिएको छ ।


पार्कको लागि स्थलगत निरीक्षणपछि स्थानीयवासीसँग छलफल गर्दै प्रदेशसभा सदस्य साहलगायत सहभागीहरू । तस्वीरः प्रतीक

बडनिहार बजारदेखि पूर्वमा रहेको राष्ट्रिय वनको जग्गामा पार्क निर्माणको लागि प्रदेशसभा सदस्य राजेश्वरप्रसाद साह, डिभिजन वन कार्यालय, पर्साका प्रमुख सुवासचन्द्र दास, निमित्त प्रमुख फरमान मियाँ, सबैया साझेदारीका अध्यक्ष लखनलाल साह, पर्सागढी नगरपालिका वडा नं ३ का अध्यक्ष सुकमान तामाङलगायतले पार्कको लागि स्थलगत निरीक्षण गरेका हुन् ।

स्थलगत निरीक्षण गर्दै डिवका, पर्साका प्रमुख दासले पर्यटकीय पार्क निर्माणको लागि प्रदेश वन मन्त्रालयको योजना कार्यक्रम अन्तर्गत आएको बजेटबाट वनको संरचना नबिग्रिने गरी पहिलो चरणमा जग्गामा तारबार गरिने र पार्क निर्माणको लागि वन मन्त्रालयको स्वीकृति लिनुपर्ने उनले सुझाव दिए ।

यसैगरी, प्रदेशसभा सदस्य राजेश्वरप्रसाद साहले यो वन क्षेत्र प्राकृतिक सौन्दर्यताले भरिपूर्ण रहेको कारण त्यसलाई जोगाउँदै पर्यटकीय पार्क निर्माणको लागि आफू लागिपरेको र प्रदेशको वन मन्त्रालय अन्तर्गत पहिलो चरणको लागि पर्यटकीय पार्क निर्माणको लागि आफ्नो पहलमा २० लाख रकम विनियोजित गराएको बताए ।

पर्सागढीमा पर्यटकीय पार्कको काम हुने भएपछि स्थानीयवासीले खुशी व्यक्त गरेका छन् ।

## बालिका बलात्कार प्रकरणः पक्राउ परेनन् अभियुक्त

प्रस, वीरगंज, ८ असार/
बारा जिल्लामा एक साताअघि सार्वजनिक भएको जबरजस्ती करणीपछि गर्भपतनको घटनामा आरोपित अभियुक्तहरू हालसम्म पक्राउ पर्न सकेका छैनन् ।


पीडित नाबालिका । तस्वीरः प्रतीक

प्रसौनी गाउँपालिकाकी एकजना १७ वर्षीया नाबालिकाको पटक-पटक जबरजस्ती करणी एवं गर्भवती भएको थाहा पाएपछि गरिएको गर्भपतनको घटनामा चारजना अभियुक्त फरार रहेको बारा प्रहरीले जनाएको छ । बारा प्रहरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक राजेश दत्तका अनुसार उक्त घटनामा प्रसौनी गापा-२ (ठेगाना परिवर्तित)का २३ वर्षीय दीपक साह तेलीले विगत सात महीनादेखि ती नाबालिकासँग प्रेम सम्बन्धमा रहँदै पटक-पटक जबरजस्ती करणी गरी गर्भवती बनाएका थिए ।

जेठ २९ गते बिहान कलैया, बरेवास्थित एउटा निजी क्लिनिकमा सहयोगी चिकित्सक ओमप्रकाश कुशवाहाको सहयोगमा ती नाबालिकाको जबरजस्ती गर्भपतन गराइएको थियो । घरमा परिवार नभएको अवस्थामा बिहानै दीपक तथा उनका २४ वर्षीय साथी सुन्दर साह तेलीले गर्भपतनको चक्की खुवाएका थिए । त्यसपछि नाबालिकालाई गोप्यरूपमा परिवारजनलाई खबर नगरीकन एमबिबिएस चिकित्सक ओमप्रकाश कुशवाहाको कलैयामा रहेको निजी क्लिनिकमा लगेर राति ८ बजे गर्भपतन गराएका थिए ।

पछि परिवारजनले थाहा पाएपछि उनीहरू अस्पताल पुगेका थिए र प्रहरीमा जाहेरी दिएपछि घटना सार्वजनिक भएको थियो । यो घटनामा ती नाबालिकाको एकजना भाउजू पर्ने सोनी देवीले पनि भिडियो एक्स-रे गराएर गर्भवती रहेको आरोपित दीपकलाई जानकारी गराउँदा उनको पनि संलग्नता रहेको देखिएको छ । अहिले घटनामा संलग्न देखिएका दीपक, श्यामसुन्दर, डा ओमप्रकाश र सोनी देवी चारैजना फरार छन् ।

बारा प्रहरीले जबरजस्ती करणी तथा गर्भपतनमा मुद्दा दायर गरी घटनाको अनुसन्धान गरिरहेको छ भने फरार अभियुक्तहरूको खोजी भइरहेको जनाएको छ । पीडित नाबालिकाका अनुसार शुरूमा मायाप्रेममा पारेर बिहे गर्ने आश्वासन दिए तापनि गर्भवती भएको थाहा पाएपछि दीपक गर्भ तुहाउन दबाब दिँदै आएका थिए ।

## ११ महीनामा पर्सामा २६ जनाको सवारी दुर्घटनामा मृत्यु

प्रस, वीरगंज, ८ असार/
पर्सा जिल्लामा चालू आवको गत साउनदेखि जेठ मसान्तसम्म २६ जनाको मृत्यु भएको छ ।

त्यसैगरी, गम्भीर घाइते हुनेहरूको सङ्ख्यामा ५८ पुरुष, पाँच महिला, दुई/दुई बालक र बालिका गरी ६७ जना रहेका छन् भने सामान्य घाइते हुनेको सङ्ख्यामा १९८ पुरुष, ३० महिला, २० बालक र १४ बालिका गरी कुल २६२ जना रहेका छन् ।

गत साउनमा ३४, भदौमा १६, असोजमा २८, कात्तिकमा ४०, मङ्सिरमा २१, पुसमा २६, माघमा २९, फागुनमा २७, चैतमा ३३, वैशाखमा ४३ र जेठमा ३५ वटा सवारी दुर्घटना भएको जिल्ला ट्राफिक प्रहरी कार्यालय, पर्साले जनाएको छ ।

सबैभन्दा बढी २१७ वटा

(बाँकी अन्तिम पातामा)

## ५-११ वर्षका बालबालिकालाई फाइजर खोप लगाइँदै

प्रस, वीरगंज, ८ असार/
कोरोनाविरुद्ध अमेरिकी फाइजर खोप असार ९ देखि १५ गतेसम्म लगाइने भएको छ । नेपालमा २७ वटा जिल्लामा एकैसाथ पहिलो चरणमा यो खोप लगाइने तयारी भएको छ ।

२७ जिल्लामध्ये पर्सा जिल्लामा पनि खोप लगाउने सम्पूर्ण तयारी पूरा भइसकेको स्वास्थ्य कार्यालय, पर्साले जनाएको छ । स्वास्थ्य कार्यालय, पर्साका प्रमुख नवलकिशोर साहका अनुसार पर्सा जिल्लामा एक लाख दुई हजार ७५ जना बालबालिकालाई एक हप्ते अभियान अन्तर्गत खोप लगाउने कार्यक्रम जारी रहने बताए ।


तस्वीरः प्रतीक

खोप लगाउन पर्सा जिल्लाका विभिन्न स्वास्थ्य संस्थाका ४०७ जना स्वास्थ्यकर्मीलाई प्रशिक्षण दिने कार्यक्रम सम्पन्न भइसकेको र बिहीवारदेखि सम्बन्धित स्वास्थ्यकर्मीहरूले आआफ्नो सेवा क्षेत्रमा खोप लगाउने खोप अधिकृत जयमोद ठाकुरले जानकारी दिए ।

पर्सामा दुईवटा सरकारी अस्पताल, तीनवटा प्राथमिक स्वास्थ्य केन्द्र तथा १०७ वटा स्वास्थ्य चौकी र आधारभूत केन्द्र गरी कुल ११२ वटा स्वास्थ्य संस्था सञ्चालनमा छन् । स्वास्थ्य संस्थाहरूको सेवा क्षेत्रमा पर्ने वडाका विद्यालयहरूमा पाँचदेखि एघार वर्षका बालबालिकालाई आलोपालो गरी एक साताभित्र खोप लगाउने कार्यक्रम सम्पन्न गरिने उनले

(बाँकी अन्तिम पातामा)

## विचारसार एवं सूक्तिहरू

**आफ्नो शारीरिक, मानसिक, आर्थिक, सामाजिक, नैतिक र आध्यात्मिक स्थितिलाई माथि उचाल्नु, आफूलाई आदर्श नागरिक बनाउनु यति ठूलो धर्मकार्य हो, जसको तुलना कुनै पनि पुण्य–परमार्थसँग गर्न सकिन्न ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| प्रबन्ध सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)

त्रिमूर्ति टोल, श्रीपुर, वीरगंज-१४ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५

email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com


# घर नक्शाको समस्या

**नियम–कानून, कामलाई सहज र सरल बनाउन बनाइन्छ। नियम र कानूनले कोही कसैलाई मर्का नपर्नेगरी व्यक्तिले आफ्नो रोजाइ र इच्छानुसार नक्शा पास गराउँछ। तर त्यही नक्शा पास जब घर बनाउने इच्छुक व्यक्तिका लागि थाप्लोको भार बन्न जान्छ अनि विवश भएर मानिसले नक्शा पास नगराई घर बनाउँछ। यसले शहरको स्वाभाविक गुण–धर्म नाश हुन्छ। छिमेकी–छिमेकीबीच मनोमालिन्य उत्पन्न हुन्छ । शहरीकरणको मर्मविपरीत आफूखुशी घर बनाउँदा सडक–गल्ली साँघुरो भएर पानी निकास, आगलागीका बखत दमकलको सहज पहुँचमा बाधा पुग्छ । सरसफाइको काममा अवरोध उत्पन्न हुन्छ। यति कुरा पालिकाहरूलाई पनि थाहा छ र घर बनाउने व्यक्तिलाई पनि थाहा छ। तर पनि मानिस हतपति नक्शा पास गराउँदैनन्। घर बनाइसकेपछि, बैंकिङ कार्य गर्नुपरे, जरिवाना तिरेर नक्शा पास गराउँछन् । यो काम सजिलो छ । एकपटक मात्र हण्डर खानुपर्छ । तर नियमतः नक्शा पास गरेर घर बनाउँदा पाइला–पाइलामा सास्ती बेहोर्नुपर्छ । प्राविधिकहरूको चाकरी त गर्नु नै पर्छ, खुशी पार्न आफ्नो गोजी पनि हलुका पार्नुपर्छ।**

**हामीकहाँ पालिकाहरूमा बसेका प्राविधिकबाहेक, उनीहरूभन्दा कैयौं गुणा योग्य प्राविधिकले बनाएको नक्शा पास हुँदैन। पालिकाहरूले आफ्नो क्षेत्रको विस्तृत भूबनोटको लगत राखेर, गाउँ–नगरहरूलाई कस्तो बनाउने भनेर एउटा साझा रूपरेखा–जस्तै घरको प्लिन्थ लेभल, घरले वरिपरि छाड्नुपर्ने जग्गा, नाला, सार्वजनिक स्थल आदि पहिले नै छुट्याएर राख्नुपर्छ। जसले गर्दा घर बनाउने व्यक्तिलाई जुन प्राविधिकसँग मन लाग्छ, उसैसँग नक्शा बनाएर पालिकाहरूले निश्चित शुल्क लिएर पास गरिदिने चलन बसाउने हो भने कुनै कारण छैन कसैले नक्शाविना घर बनाओस् । प्रायः नगर बसाउँदा पुरानो बस्तीबाहेकमा पालिकाहरूले एकनासको घर बनाउने नीति अख्तियार गरेका हुन्छन् । जस अनुसार मात्र पालिकाहरूलाई जानकारी दिएर घर निर्माण गर्न सकिन्छ। यस अवस्थामा एउटै नक्शा सबैका लागि मान्य हुन्छ, भित्री संरचना मात्रै व्यक्ति अनुसार फरक पर्न सक्छ। हामीकहाँ त एउटा टोलमा प्रत्येक नयाँ घरको प्लिन्थ लेभेल माथि उक्लिँदै जान्छ । मानौं प्लिन्थ लेभेलले घरमा बस्ने व्यक्तिको सामाजिक प्रतिष्ठा कायम गर्दछ ।**

**पालिकामा को आयो, को गयो, कसको पालामा राम्रो काम भयो भनी विश्लेषण गर्नुभन्दा पनि सिस्टम कायम भएको छ भने नागरिकले सुख पाउँछ। सबै प्रतिनिधि योग्य बन्छन् । पालिकाहरूमा जनप्रतिनिधिहरूले त नीति निर्माण गरिदिने मात्र हो । त्यसको कार्यान्वयन पालिका कार्यालयले स्वतःस्फूर्तरूपमा गर्नुपर्छ। एउटा नगरले त्यहाँ बसोवास गर्ने नागरिकलाई बत्ती, सडक, नाला, शिक्षा, खेलकूद, मनोरञ्जन, सुरक्षा, बजार आदिको सुविधा दिएको हुन्छ । त्यसबापत उसले नागरिकसँग कर लिन्छ, शुल्क लिन्छ। यति भएन भने पालिकाहरूले आफ्नो खर्च धान्न सक्दैनन्। वीरगंजमैं यस्तो नहुँदा धेरै घर दर्ता छैनन्। त्यसले गर्दा पालिकाले कर तथा शुल्क पाउन सकेको छैन। बाह्य अनुदान र सशर्त अनुदानको भरमा विकासको ठोस काम हुन सक्दैन। पालिकाले आफ्नो भूगोल अनुसारको सुविधा नागरिकलाई दिन सक्नुपर्छ । यसमा कसको गल्ती छ, त्यसको विश्लेषण गरेर पालिकाहरूले नागरिकलाई सहज र सरल तरीकाले सुविधा दिने र नागरिकले पनि नियमसङ्गत काम गर्दा मात्र दुवै पक्षलाई लाभ प्राप्त हुन सक्छ। अन्यथा एकले अर्कोलाई गाली गर्नुको विकल्प छैन ।**

# विद्यालयमा पाठ्यपुस्तकको अभाव र व्यवस्थापन

स्वतन्त्र विचार



सञ्जय साह मित्र

mitrasanjay41@gmail.com

**पाठ्यपुस्तकमा राज्यको धेरै लगानी भइरहेको छ। पाठ्यपुस्तक एकै वर्षका लागि हो भन्ने मनोविज्ञान पनि विकसित भएको छ। एक वर्षकै लागि भएकोले बालबालिकाले किताबको स्याहार पनि गर्दैनन्। किताबलाई जतन गरेर विद्यालयलाई फर्काउनुपर्छ भन्ने सोच पाइन्न।**

सरकारले हरेक वर्ष विद्यालयमा विद्यार्थीको लागि पाठ्यपुस्तकको रकम उपलब्ध गराउँछ। भन्नुको अर्थ यो हो कि हरेक वर्ष सरकारले सबै बालबालिकालाई पाठ्यपुस्तक उपलब्ध गराउँछ। सरकारले उपलब्ध गराउने हरेक पाठ्यपुस्तक हरेक बालबालिकाका लागि नयाँ नै हुन्छ। यसरी सरकारले नयाँ पाठ्यपुस्तक विद्यार्थीलाई उपलब्ध गराउने नीति लिएको छ।

बालबालिकाले सोझै पाठ्यपुस्तक पाउँदैनन्। सरकारले विद्यालयको खातामा पाठ्यपुस्तकको रकम उपलब्ध गराउँछ। सो रकमले विद्यालयले पाठ्यपुस्तक खरीद गरी दिने हो। सो रकमबाट विद्यालयले पाठ्यपुस्तक किन्न फेरि अर्को सरकारी निकायको भर पर्नुपर्छ जसले किताब छाप्ने गर्दछ। र हरेक शैक्षिक सत्रको शुरूमा किताबको अभाव हुने गर्दछ। शायद नै कुनै वर्ष होला जब विद्यार्थीलाई पाठ्यपुस्तकको अभाव नभएको नहोस्।

चालू शैक्षिक सत्रको दुई महीना बितिसकेको छ। अझै पनि कतिपय विद्यालयमा कुनै–कुनै कक्षाको पाठ्यपुस्तक पुग्न सकेको छैन। पाठ्यपुस्तकको अभावमा इन्टरनेटबाट कुनै–कुनै पाठ डाउनलोड गरेर शिक्षकले पढाउन थालेका छन्। विद्यार्थीसित किताब छैन। विद्यार्थीसित किताब नहुँदा पढाइलाई अगाडि बढाउन निकै कठिन हुने गर्दछ। हाम्रो समाज वा शैक्षिक अवस्था यस्तो भइसकेको छैन कि शिक्षकलाई पाठ्यक्रम उपलब्ध गराएर शिक्षण सिकाइ क्रियाकलाप अगाडि बढाउन सकियोस्। शैक्षिक उद्देश्य पूरा गर्न होइन, हामीकहाँ त पाठ्यपुस्तक सिध्याउनुपर्छ। कक्षामा शिक्षकले पढाएर पाठ्यपुस्तक सिध्याएपछि शिक्षण सिकाइ क्रियाकलापको सबै काम सकिएको मानिन्छ। यस्तो अवस्थामा इन्टरनेटबाट डाउनलोड गरेर एउटा पाना प्रिन्ट निकालेर वा मोबाइलबाट पढाएर विद्यार्थीलाई पढेजस्तो र शिक्षकले पढाएजस्तो लाग्दैन। अर्थात् विद्यार्थीलाई किताब नभई शिक्षक सिकाइ क्रियाकलाप हुन सकिरहेको छैन।

शैक्षिक सत्रको दुई महीना बितिसकेको भए पनि किताब अझै विद्यार्थीको हातमा नपुग्नुले शैक्षिक सत्रको पढाइमा असर पर्ने नै भयो। कोर्स सिध्याउन स्वाभाविक गतिमा पढाइ नहुन पनि सक्छ। सोझै कुदाउनुपर्ने वा कोर्स छोड्नुपर्ने हुन सक्छ। सबैले बुझेकै छन् कि एक वर्षको कोर्स दिइएको हुन्छ र त्यसको दुई महीना बित्नु भनेको मूल पढाइको समयको दुई महीना बित्नु हो। अब यो महीना बितेसँगै साउनमा विद्यालय बन्द हुन्छ। भदौमा खुल्दा चाडपर्वको चटारो हुन्छ। असोजमा दशैं र कात्तिकमा दीपावली तथा छठको लामो बिदा पर्छ। मङ्सिरमा परीक्षा हुन्छ, अर्द्धवार्षिक। यसरी मङ्सिरसम्म धेरै पढाइ हुने अवस्था देखिँदैन। वास्तवमा वैशाख, जेठ र असारमा लगातार कम्तीमा दुई महीना खुब पढाइ हुने समय हो। तर पाठ्यपुस्तकको अभावमा यो समय बितेपछि पाठ्यपुस्तकको अभाव भएको कक्षाका बालबालिकाले यस वर्ष राम्ररी पढ्न नपाई शैक्षिक सत्र बित्न पाउने भएको छ वा कम्तीमा पच्चीस प्रतिशत कोर्स राम्ररी पढ्न पाउँदैनन्।

कोर्स नसकिएर अर्को कक्षामा पास भएर जाँदा शैक्षिक धरातल कमजोर हुन्छ। जुन बालबालिकाको धरातल कमजोर हुन्छ, उनलाई फेरि पनि समस्या हुन्छ। यस कुरातिर ध्यान जान सकेको छैन जस्तो लाग्छ। बालबालिकाले समयमा पाठ्यपुस्तक नपाउँदा उनीहरूमा छटपटी हुन्छ, पढ्ने बानीको विकास हुन सक्दैन वा घरमा नियमित पढ्ने बानीमा ह्रास आउँछ। अहिलेको अवस्थामा बालबालिकाले धेरै हदसम्म घरमा पढ्न नसकेको देखिएको छ। किताब नै छैन भने घरमा के पढोस्? अभिभावकले पनि धेरै बल गर्न सकेका छैनन्। यसलाई अस्वाभाविक मान्न सकिन्न।

राज्यले हरेक वर्ष बालबालिकालाई पाठ्यपुस्तक उपलब्ध गराउँछ। हरेक वर्ष नयाँ पाठ्यपुस्तक उपलब्ध गराउँछ। यसबाट सरकारले बालबालिकलाई उपलब्ध गराउने पाठ्यपुस्तक केवल एक वर्षको लागि मान्य हुने हो कि भन्ने लाग्छ। सरकारले हरेक बालबालिकालाई नयाँ पाठ्यपुस्तक नै दिन चाहेको हो, नयाँ पुस्तक पाउँदा बालबालिका उत्साहित हुन्छन्। यो देखिएको पनि छ। बालमनोविज्ञानमा सकारात्मक असर पर्छ, यो सत्य हो। यसविपरीत पुरानो पाठ्यपुस्तकले हुन सक्छ बालबालिकामा उत्साह कम होओस्। राज्यले यही कारण हरेक वर्ष नयाँ कक्षाका लागि नयाँ पाठ्यपुस्तकको नीति लिएको हुन सक्छ तर व्यवहारमा पाठ्यपुस्तक निकै ढिलो उपलब्ध हुँदा शिक्षाको गुणस्तरमा केही प्रभाव परेको हो कि भन्ने अनुभव धेरैले गर्न थालेका छन्। समयमा पाठ्यपुस्तक नपाएको गुनासो हुन थालेको छ।

पाठ्यपुस्तक हेर्दा अधिकांश अब रङ्गीन आउन थालेको छ। किताबको पाना अर्थात् कागजको गुणस्तर पनि एकैचोटि धेरै खराब छैन। कम्तीमा तीन वर्ष, हैन भने दुई वर्ष सजिलै चल्ने किसिमको किताबको छपाइ र गुणस्तर छ। यदि बालबालिकाले किताब पाउनासाथ त्यसमा गाता लगाउने हो भने कम्तीमा दुई वर्ष चल्न सक्ने कुरमा विमति हुन सक्दैन। एकपटक विद्यार्थीलाई यति मात्र भन्नुपर्छ कि किताबमा गाता हाल्नुपर्छ। किताबमा गाता हालिदिने हो भने कम्तीमा दुईदेखि तीन वर्ष वा दुईदेखि तीन शैक्षिक सत्रसम्म एउटै पुस्तकले पढाइ धान्न सकिन्छ। यसरी यदि एउटा पाठ्यपुस्तक दुई वर्षका लागि पुग्छ भने सरकारले दिनुपर्ने किताबको बोझ पनि कम हुन जान्छ। यसैगरी विद्यालयले पनि पाठ्यपुस्तक बालबालिकाको हातमा दिन समय लाग्दैन। पाठ्यपुस्तकमा सरकारको लगानी कम हुन्छ। लगानी कम हुने र पढाइ समयमा गर्न पाउने दोहोरो फाइदा सरकारलाई र बालबालिकालाई हुने देखिन्छ। यसरी यदि तीन वर्षसम्म एउटा पाठ्यपुस्तक जान्छ भने सरकारलाई पाठ्यपुस्तकमा एक तिहाई मात्र लगानी गर्नुपर्ने देखिन्छ। पाठ्यपुस्तकमा लाग्ने दुईतिहाई रकम जोगिंदा सरकारले त्यस रकमलाई शिक्षा व्यवस्थापनको अन्य काममा खर्च गर्न सक्छ वा सोझै विद्यालयलाई नै शिक्षा व्यवस्थापनसित सम्बन्धित अन्य काममा खर्च गर्ने आदेश दिन सक्छ।

अहिले अधिकांश विद्यालयमा शिक्षकको तुलनामा विद्यार्थीको चाप धेरै छ। विद्यार्थीको चाप धेरै हुँदा शिक्षकले राम्ररी पढाउन पाउँदैनन् भने शिक्षकले राम्ररी पढाउन सक्दैनन्। यस अवस्थामा पाठ्यपुस्तकबाट उब्रेको पैसाले शिक्षक पनि राख्न सकिन्छ। यदि पाठ्यपुस्तकको दुईतिहाई रकम उब्रिन्छ भने त्यस रकमलाई शिक्षक व्यवस्थापनमा खर्च गर्न सकिन्छ। जुन विद्यालयमा धेरै विद्यार्थी छन्, त्यहाँ पाठ्यपुस्तकको रकमले शिक्षक बहाल गर्न सकिन्छ। शिक्षक अभाव कम गर्ने यो दीर्घकालीन उपाय त होइन, तत्कालका लागि भने समस्या कम गर्न सकिन्छ। पाठ्यपुस्तकमा राज्यको धेरै लगानी भइरहेको छ। पाठ्यपुस्तक एकै वर्षका लागि हो भन्ने मनोविज्ञान पनि विकसित भएको छ। एक वर्षकै लागि भएकोले बालबालिकाले किताबको स्याहार पनि गर्दैनन्। किताबलाई जतन गर्नुपर्छ र विद्यालयलाई फर्काउनुपर्छ भन्ने सोचाइ पाइन्न। दुई–तीन वर्ष सजिलै चल्ने पाठ्यपुस्तक एकै वर्षमा उपयोगविहीन पारिंदा चना चटपटे बेच्नेहरूको हातमा पुगिरहेको हुन्छ।

विद्यालयमा देखिने पाठ्यपुस्तकको अभाव कम गर्न पाठ्यपुस्तकको बहुवर्षीय उपयोग हुनु उचित हुन्छ र पाठ्यपुस्तकमा हुने लगानी शिक्षा क्षेत्रको अन्य व्यवस्थापनमा उपयोग गर्नु उचित हुन्छ। यो रकम बालबालिकालाई सोझै लाभ हुने शिक्षक व्यवस्थापनमा खर्च गर्न सकिन्छ। अथवा बालबालिकालाई प्रत्यक्ष फाइदा हुने अन्य काममा रकम खर्च गर्न सकिन्छ। विद्यालयका अन्य अभाव टार्न सकिन्छ। यदि यस किसिमले व्यवस्थापन हुन सक्यो भने विद्यालयमा पाठ्यपुस्तकको अभाव धेरै हदसम्म कम गर्न सकिने र शिक्षालयमा हुने अन्य समस्याको समाधानका लागि पनि केही उपाय निकाल्न सजिलो हुन्छ।

# चारजनामा हैजाको पुष्टि : सतर्कता अपनाउन आग्रह

काठमाडौं, ८ असार/रासस

काठमाडौंका विभिन्न स्थानका चारजनामा हैजा पुष्टि भएको छ। ती चारैजनाको शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालमा अहिले उपचार भइरहेको छ। जिल्ला स्वास्थ्य कार्यालय, काठमाडौंका प्रमुख वसन्त अधिकारीले अहिलेसम्म चारजनामा हैजा पुष्टि भएको जानकारी दिए।

उनका अनुसार बागबजारमा दुई, भोटेबहाल र डिल्लीबजारमा एक/एक जनामा हैजा देखिएको छ। उनले भने, "फोहोर र प्रदूषित पानीका कारणले हैजा देखिएको हुन सक्छ। काठमाडौं हैजाको जोखिममा रहेको देखियो।"

विगतमा काठमाडौंमा लामो समयसम्म फोहोर नउठेको कारणले पनि हैजाको प्रकोप बढेको हुन सक्ने बताइएको छ। उनले हैजा पुष्टि भएका ठाउँमा थप खोजी र लक्षण भएका हैजाका बिरामी खोजिरहेको बताए। बागबजारका दुईजना १८ र २३ वर्षीया युवतीमा यही असार ५ गते र भोटेबहाल र डिल्लीबजारमा एक/एक जनामा मङ्गलवार देखिएको हो।

जिल्ला स्वास्थ्य कार्यालयले हैजा देखिएका ती व्यक्तिमा के कारणले हैजा भएको भन्ने पत्ता लगाउनका लागि जनस्वास्थ्य अधिकृत रामकृष्ण फुयाँलको संयोजकत्वमा पाँच सदस्यीय समिति गठन गरेको छ। महामारी रोकथाम तथा




नियन्त्रण फोकल पर्सनसमेत रहेका फुयाँलले फोहोरको प्रकोप बढेर खानेपानी प्रदूषित भएर हैजा रोग देखिएको बताए। उनले बागबजारको पानीको तीनवटा नमूना सङ्कलन गरेर राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा परीक्षण भइरहेको जानकारी दिए।

उनका अनुसार एउटा धारा, हैजा भएका व्यक्तिले प्रयोग गरेको जार र ट्युवेलको पानीको नमूना परीक्षण गरिएको छ। उनले पानीको कारणले हैजा भएको आफूले शङ्का गरे पनि परीक्षणको रिपोर्ट नआईकन केही भन्न नसकिने बताए। "हैजा देखिएको ठाउँमा गएर हैजा देखिएका व्यक्तिले के के खाएका हुन् भनेर हामीले परीक्षण गर्ने काम गरिरहेका छौं," स्वास्थ्य कार्यालयका प्रमुख अधिकारीले भने, "हामीले घरवरपरका छिमेकीसँग पनि के कस्ता खानेपानी र खानेकुरा खाएका छन् भनेर अध्ययन गरिरहेका छौं।"

उनले बागबजारका दुईजना युवतीले जार र धाराको पानी नउमालेर खाने गरेको पाइएको बताए। असार २ गते चटपटे खाएपछि ती युवतीलाई बान्ता हुनका साथै पखाला लागेको थियो।

प्रमुख अधिकारीले ती युवतीले काम गर्ने ठाउँ डिल्लीबजार गएर खानेपानी र खानेकुराको परीक्षण भइरहेको बताए। स्वास्थ्य कार्यालय, काठमाडौंले चारजनामा हैजा देखिएपछि सतर्कता अपनाउन आग्रह गरेको छ। कार्यालयले शुद्ध खानेपानी खान, प्रदूषित खानेकुरा तथा झिङ्गा भन्केका खानेकुरा नखान आग्रह गर्दै माइकिङसमेत शुरू गरेको उनले जानकारी दिए।

यस्तै, महिला स्वास्थ्य स्वयंसेविकाहरू पनि खानेपानीलाई शुद्धीकरण गरेर मात्र खान आग्रह गर्दै टोलटोलमा खटेका छन्। कार्यालयले काठमाडौं उपत्यका खानेपानी लिमिडेट, खानेपानी बोक्ने ट्याङ्कर व्यवसायी र जार व्यवसायीसँग पनि खानेपानी शुद्धीकरण गरेर मात्र वितरण गर्न भनेको छ।

यस्तै, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले हैजासम्बन्धी कुनै पनि लक्षण देखिएमा नजीकैको स्वास्थ्य कार्यालयमा सम्पर्क गर्न अनुरोध गरेको छ। गर्मी र बर्खायाममा विशेषगरी झाडापखाला, हैजा तथा पानीजन्य रोगहरू फैलिने हुँदा सबैलाई सजक र सतर्क हुन अनुरोध मन्त्रालयले गरेको छ। मन्त्रालयले पानीलाई उमालेर वा क्लोरिन प्रयोग गरेर मात्र प्रयोग गर्न, व्यक्तिगत सरसफाइ, खानेकुराको सरसफाइ तथा खुलारूपमा दिसापिसाब नगर्न र चर्पीको प्रयोग गर्न र दिसापिसाब गरेपछि अनिवार्यरूपमा साबुनपानीले हात धुन अनुरोध गरेको छ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन: ९८४५११९४८

# जीराभवानीमा स्वास्थ्य र शिक्षामैत्री निर्णय, पञ्जीकरण सेवा घरदैंलोमा

ओमप्रकाश चौधरी, सेढवा, ८ असार/

जीराभवानी गाउँ कार्यपालिकाको पहिलो बैठकले मातृ–शिशु स्वास्थ्य र शिक्षामैत्री निर्णय गरेको छ।

सो गाउँपालिकाका नवनिर्वाचित अध्यक्ष अनोज चौधरीको अध्यक्षतामा पालिका सभाकक्षमा सम्पन्न प्रथम बैठकले सुत्केरी आमाका लागि सेवा तथा सहयोग थप गर्नुका साथै पालिकामा उच्च शिक्षा र प्राविधिक शिक्षाको अध्यापन शुरू गर्ने निर्णय गरेको पालिका कार्यालयले जनाएको छ।

सुत्केरी स्याहार प्रोत्साहन भत्ता तीन हजार रुपियाँ प्रदान गर्दै आएकोमा आउँदो आर्थिक वर्षदेखि पालिकाको तर्फबाट दुई हजार थप गरी पाँच हजार रुपियाँ दिने निर्णय भएको छ।

त्यसैगरी, सुत्केरी आमा तथा शिशुका लागि आवश्यक एम्बुलेन्स सेवा निश्शुल्क उपलब्ध गराउने निर्णय कार्यपालिकाले गरेको छ।

मातृ–शिशु मृत्युदर नियन्त्रण गर्ने



तस्वीरः प्रतीक

उद्देश्यले सो निर्णय गरिएको पालिका अध्यक्ष चौधरीले प्रतीकलाई बताए। सो पालिकाका बासिन्दालाई विभिन्न रोग तथा स्वास्थ्य उपचारको क्रममा आवश्यक पर्ने रगतका लागि लाग्ने शुल्कसमेत पालिकाले बेहोर्ने निर्णय भएको उनले जानकारी गराए।

कार्यपालिका बैठकले पालिकास्थित नेरामावि, सेढवा, बिर्तामा शिक्षा र व्यवस्थापन सङ्कायमा स्नातक तहको अध्यापन शुरू गर्ने निर्णय गरेको छ।

त्यसैगरी, बितो महतो जनता मावि, जीतपुर, नौकाटोलामा प्राविधिक शिक्षाको अध्यापन आउँदो शैक्षिक सत्रदेखि सञ्चालन हुने भएको छ।

यसरी अध्यापन सञ्चालन गर्दा जीराभवानी गाउँपालिकालगायत छिमेकी गाउँपालिकाहरूसमेत प्रत्यक्ष लाभान्वित हुने र पालिकालाई ग्रामीण शिक्षाको केन्द्रको रूपमा विकास गर्न सघाउन पुग्ने पालिका अध्यक्ष चौधरीको दाबी छ।

नागरिकको लागि अतिआवश्यक जन्मदर्ता, मृत्युदर्ता र विवाहदर्ता तथा पञ्जीकरण सेवा सेवाग्राहीको घरदैंलोमा नै उपलब्ध गराउने निर्णय बैठकले गरेको छ। यसको लागि आवधिकरूपमा घरदैंलो घुम्ती शिविर सञ्चालन गर्ने निर्णय भएको अध्यक्ष चौधरीले जानकारी गराए।

# ‘भारत गौरव पर्यटक रेल’ बिहीवार जनकपुरधाम आउने

जनकपुर, ८ असार/रासस

भारतीय पर्यटक बोकेर ‘भारत गौरव पर्यटक रेल’ यही असार ९ गते नेपालको जनकपुरस्थित धार्मिक क्षेत्रलाई जोड्ने महाप्रबन्धक झाले बताए।

भारतीय राजदूतावासको समन्वयमा


तस्वीरः रासस

जनकपुरधाम आउने भएको छ। भारतको राजधानी नयाँ दिल्लीबाट मङ्गलवार साँझ हिंडेको सो रेल बिहीवार जनकपुरधाम आइपुग्ने नेपाल रेलवे कम्पनीका महाप्रबन्धक निरञ्जनकुमार झाले बताए।

रामायण सर्किटमा सञ्चालन हुने उक्त रेलले भारतको अयोध्या, नन्दीग्राम, सीतामढी, बनारस, प्रयागराज, चित्रकुट, पञ्चवटी, नासिक, हम्पी, रामेश्वरम् र भद्राचलम धार्मिक गन्तव्यका साथै ‘भारत गौरव पर्यटक रेल’मा करीब ५०० भारतीय पर्यटक आउन लागेका र उनीहरूले जनकपुरधामका विभिन्न धार्मिकस्थलको भ्रमण गर्ने कार्यक्रम छ।

भारतीय राजदूतावासका अनुसार सो रेलको प्रत्येक डिब्बामा भारतीय स्मारक, नृत्य, परिकार, पोशाक, पर्व, वनस्पति तथा जीवजन्तु, योग, लोककलाजस्ता भारतको कला, संस्कृति, परम्परा, सम्पदालगायतको झल्को देख्न पाइनेछ।

# मधेस प्रदेशको प्रशासनिक भवन निर्माणका लागि जग्गा छनोट

धनुषा, ८ असार/रासस

मधेस प्रदेश सरकारको प्रशासनिक भवनको स्थायी संरचना निर्माणका लागि जग्गा छनोट गरिएको छ। मधेस प्रदेशको स्थायी राजधानी जनकपुरधाम घोषणा भएको वर्ष दिन नबित्दै सरकारले प्रशासनिक भवन निर्माण गर्नका लागि जग्गा छनोट गरेको हो।

प्रदेश सरकारको प्रशासनिक भवन, मन्त्रालय, मुख्यमन्त्री, मन्त्रीहरूको आवासका लागि स्थायी भौतिक संरचना जनकपुर चुरोट कारखाना लिमिटेड (जसलाई अहिले मधेस भवन नामकरण गरिएको छ) परिसरभित्रै निर्माण गर्न उच्चस्तरीय समितिले प्रतिवेदन तयार गरेको छ।

जनकपुरधाममा ३५ बिघा क्षेत्रफल जग्गामा रहेको जचुकालिको परिसरभित्र नै मधेस प्रदेश सरकारको प्रशासनिक भवन, विभिन्न मन्त्रालयहरूको भवन, मुख्यमन्त्री निवास, सचिवालय, मन्त्रीहरूको निवास निर्माण गर्न सकिने गरी समितिले प्रतिवेदन तयार गरेको छ।

प्रदेश सरकारले भौतिक पूर्वाधार विकासमन्त्री रामसरोज यादवको संयोजकत्वमा जग्गा चयनका लागि सुझाव दिन उच्चस्तरीय समिति गठन गरेको थियो। समितिले प्रदेश सरकारका विभिन्न स्थायी भौतिक संरचना निर्माणका लागि प्रदेशको राजधानी क्षेत्रमा पर्ने विभिन्न सार्वजनिक जग्गाको तथ्याङ्क धनुषा र महोत्तरीका मालपोत तथा नापी कार्यालयसँग लिएर जग्गाको अवस्था अध्ययन गरेको थियो।

ती जग्गाहरूमध्ये प्रदेश सरकारको प्रशासनिक तथा मन्त्रालयहरूको भवन निर्माणको वातावरण तथा विभिन्न सुविधाको दृष्टिकोणले हाल रहेको जनकपुर चुरोट कारखानाको जग्गा उपयुक्त रहेकोले ती जग्गा नै सिफारिश गरिएको समितिका संयोजक रहेका भौतिक पूर्वाधार विकासमन्त्री यादवले बताए।

जचुकालि परिसरलाई मधेस प्रदेश सरकारले ‘मधेस भवन’ घोषणा गरिसकेको छ। हाल त्यसभित्र प्रदेश प्रमुखको आवास र कार्यालय, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयबाहेक सबै मन्त्रालय, मन्त्रीहरूका आवास, मुख्यमन्त्रीको आवास र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सचिवहरूको आवास, अधिकृतहरूको आवासलगायत रहेका छन्।

# स्वास्थ्य बीमा कार्यक्रम धमाधम बन्द गर्दै अस्पतालहरू

काठमाडौं, ८ असार/रासस

ठूला–ठूला अस्पतालहरूले स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन नगर्ने भएका छन्। स्वास्थ्य बीमा बोर्डले उपचारबापत रकम उपलब्ध नगराएको भन्दै स्वास्थ्य बीमा कार्यक्रम धमाधम बन्द गराउन थालेका हुन्। त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल, बिएन्डसी मेडिकल कलेज बिर्तामोड र नोबेल मेडिकल कलेज विराटनगरले बोर्डले स्वास्थ्य बीमा



तस्वीरः फाइल

कार्यक्रमबापतको रकम बन्द गर्ने जनाएको बताएका छन्।

बुधवार आयोजित पत्रकार सम्मेलनमा बिएन्डसी अस्पतालका कार्यकारी निर्देशक दुर्गा प्रसाईंले स्वास्थ्य बीमा कार्यक्रमअन्तर्गत बीमितको उपचार सेवा गरेवापतको रकम उपलब्ध नगराएकाले कार्यक्रम सञ्चालन नगर्ने बताए। उनले सरकारले स्वास्थ्य बीमा कार्यक्रममा आबद्ध भएका बिरामीलाई उपचार गरेबापत बिएन्डसीलाई रु ४५ करोडभन्दा बढी रकम दिन बाँकी रहेको बताए। ‘हामीले पटक–पटक बीमा बोर्डलाई बीमितको उपचारबापतका रकम माग गर्‍यौं’, उनले भने, ‘तर हामीलाई रकम नदिएर अड्काउने काम भएको छ।’

स्वास्थ्य बीमा कार्यक्रममा आबद्ध भएको बिएन्डसी कलेजले दैनिक ५०० बिरामीको उपचार गर्ने गरेको छ। उनले बीमाबापतको रकम भुक्तानी नगरे यही असार २० गतेदेखि सेवा बन्द गर्ने बताए। कार्यकारी निर्देशक प्रसाईंले बीमाबापतको रकम उपलब्ध नगराएकाले कर्मचारीको तलब र मेडिकल कलेज सञ्चालन गर्न समस्या परेको बताए।

यस्तै त्रिवि शिक्षण अस्पताल महाराजगञ्जका कार्यकारी निर्देशक डा दिनेश काफ्लेले सूचना जारी गर्दै सरकारको स्वास्थ्य बीमा बोर्डले स्वास्थ्य बीमा कार्यक्रमबापतको रकम उपलब्ध नगराएकाले असार १५ गतेदेखि स्वास्थ्य बीमा कार्यक्रम बन्द गर्नुपरेको बताएका छन्। शिक्षण अस्पतालले २०७७ साल मङ्सिरदेखि स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन गर्दै आइरहेको थियो।

त्यसैगरी नोबेल मेडिकल कलेजका व्यवस्थापक सदस्य भीमबहादुर चन्दले पनि मङ्सिरदेखि बीमितको उपचारमा गरेको रकम पाउन नसकेको बताए। उनले बोर्डबाट रकम भुक्तानी नपाउँदा कर्मचारीलाई तलब खुवाउन समस्यामा परेको बताए। उनका अनुसार बोर्डले नोबेललाई रु ५४ करोड ३८ लाख बीमितको उपचार गरेबापत दिन बाँकी रहेको छ।

स्वास्थ्य बीमा बोर्डका कार्यकारी निर्देशक डा दामोदर बसौलाले ऐन, नियम र कार्यविधिअनुसार अस्पताललाई बीमाबापतको रकम उपलब्ध गराउँदै आएको बताए। ‘अस्पतालले माग्दैमा हामीले पैसा दिने होइन। नियम कानून र कार्यविधिअनुसार बीमितको उपचारबापतको रकम दिने हो’, उनले भने, ‘अस्पतालले पठाएको प्रमाणमाथि हामीले रूजु गर्ने काम गरिरहेका छौं। नियमअनुसार रूजु भएका अस्पतालको रकम हामीले रोक्दैनौं।’

उनले अस्पतालले नियमअनुसारको प्रमाण उपलब्ध नगराउँदा भुक्तानीमा समस्या परेको बताए। उनका अनुसार गत साउनयता रु आठ अर्ब १३ करोड अस्पताललाई उपलब्ध गराइसकेको छ। यस्तै जेठयता रु छ अर्ब अस्पताललाई दिन बाँकी रहेको उनको भनाइ छ। बोर्डले स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन गर्नका लागि ४५० अस्पतालसँग सम्झौता गरेको छ।

सरकारले पाँच वर्षअघि सर्वसाधारणलाई सहजरूपमा स्वास्थ्य सेवा उपलब्ध गराउने लक्ष्यसहित कैलाली जिल्लाबाट ‘स्वास्थ्य बीमा कार्यक्रम’ शुरू गरेको थियो। एउटा परिवारले रु तीन हजार ५०० को स्वास्थ्य बीमा गरेपछि उक्त परिवारको पाँच जना सदस्यले अस्पतालमा रु एक लाख बराबरको उपचार सेवा लिन पाउने व्यवस्था रहेको छ। हाल देशभरका ७७ जिल्लामा ५७ लाख मानिस बीमा कार्यक्रममा सहभागी भएका छन्।



**बाढीपहिराको नमूना अभ्यास** : कालीजङ्ग गण मेलम्ची गुल्मले मेलम्ची नदी किनारमा बुधवार आयोजना गरेको विपद्सम्बन्धी पूर्वनमूना अभ्यासमा बाढी र पहिराबाट घाइते भएकाको उद्धार गर्दै नेपाली सैनिक। तस्वीरः रासस

# मूल्य निर्धारण गर्ने सन्दर्भमा सरकार संवेदनशील –मन्त्री बडू

काठमाडौं, ८ असार/रासस

राष्ट्रियसभाका सांसदहरूले निगम घाटामा छ भने कर्मचारीले कसरी बोनस खान्छन् भन्दै प्रश्न गरेका छन्।

राष्ट्रियसभाको बुधवारको बैठकमा पेट्रोलियम पदार्थको मूल्यवृद्धिबारे उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दिलेन्द्रप्रसाद बडूले दिएको वक्तव्यको सम्बन्धमा केन्द्रित रही प्रश्न गर्दै सांसद सुमित्रा बिसीले भनिन्, "यदि निगम घाटामा छ भने कर्मचारीले बोनस कसरी खान्छन् ?"

सांसद देवेन्द्र दाहालले पेट्रोलियम पदार्थको मूल्यवृद्धिबारे सरकारले दीर्घकालीनभन्दा पनि विद्यार्थी र गरीबीको रेखामुनि रहेका जनतालाई लक्षित गरी तत्कालीन योजना ल्याउनुपर्नेमा जोड दिए।

सांसद अनीता देवकोटाले समग्रमा मूल्यवृद्धि भइरहेको सन्दर्भ उल्लेख गर्दै सरकारले जनतालाई करमा छुट दिनुपर्ने धारणा राखिन्। सांसद प्रकाश पन्थले सरकारले नै विद्युतीय चुलोहरू सर्वसुलभरूपमा उपलब्ध गराउनुपर्नेमा जोड दिए। कम्तीमा सरकारी गाडीहरूलाई विद्युतीय प्रणालीमा लैजानुपर्ने उनको भनाइ छ। सांसद भगवती न्यौपानेले "मूल्यवृद्धि भइरहेको सन्दर्भमा सरकार र पेट्रोलियम पदार्थका व्यापारीबीच मिलेमतो छैन भनेर कसरी विश्वास गर्ने प्रस्ट हुन चाहन्छु" भन्दै प्रश्न गरिन्।

सांसद शेखरकुमार सिंहले अन्तर्राष्ट्रियरूपमा पेट्रोलियम पदार्थको मूल्यवृद्धि भएको स्वीकार गर्दै किसानलाई राहतको व्यवस्था गर्नुपर्ने माग गरे। सांसद गङ्गाकुमारी बेल्वासेले एलपी ग्याँसको रङ, गन्ध र आकारका आधारमा घरायसी र व्यापारिक प्रयोगका निम्ति जतिसक्दो चाँडो छुट्याउनुपर्ने माग गर्दै एकपटकका लागि सबै नेपालीलाई विद्युतीय चुलो निश्शुल्क उपलब्ध गराउनुपर्नेमा जोड दिइन्। सांसद भैरवसुन्दर श्रेष्ठले दैनिक उपभोग्य वस्तुको अभाव सिर्जना भएको बताउँदै अभावबारे बजार अनुगमनमा भइरहेको ढिलाइप्रति टिप्पणी गरे।

सांसद उर्मिला अर्यालले सरकारले कम भन्सार लगाएर विद्युतीय सवारी सञ्चालनको योजना ल्याउनुपर्ने धारणा राखिन्।

आपूर्तिमन्त्री बडूले सदनमा उठेका प्रश्नको जवाफ दिंदै गरीबीको रेखामुनि रहेका सर्वसाधारणका निम्ति एलपी ग्याँसलाई छुट्टै रङ गरेर दिने र परिमाण पनि तोक्ने, व्यावसायिक प्रयोजनका निम्ति छुट्टै दिनेबारेमा निर्णय भइसकेको


उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दिलेन्द्रप्रसाद बडू। तस्वीरः रासस

जानकारी दिए।

उनले मूल्य निर्धारण गर्ने सन्दर्भमा सरकार संवेदनशील रहेको बताउँदै निगम अहिले पनि घाटामा रहेर पनि अनुदानबाट सेवा गरिरहेको जानकारी दिए।

**अन्तर्राष्ट्रिय बजारमा मूल्यवृद्धि हुँदा नेपालमा पनि बढाउनुपर्‍यो –आपूर्तिमन्त्री**

उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दिलेन्द्र बडूले अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्यवृद्धि भएका कारण नेपालमा पनि वृद्धि गर्नुपरेको प्रस्ट पारे।

राष्ट्रियसभाको आजको बैठकमा पेट्रोलियम पदार्थको मूल्यवृद्धिबारे सदनलाई जानकारी गराउँदै २०७१ सालदेखि नै अन्तर्राष्ट्रिय बजार अनुसार पेट्रोलियम पदार्थको मूल्य बढेर प्राप्त हुँदा नेपालमा पनि बढाउने र घट्दा घटाउने प्रक्रिया शुरू भएको प्रस्ट पारे।

उनले भने, "पछिल्लो समय रूस–युक्रेन युद्धका कारण सिर्जना भएको विशिष्ट ऊर्जा सङ्कटका कारण निगमले प्राप्त गर्ने पेट्रोलियम पदार्थको मूल्य लगभग सबैजसो समय बढेर नै आइरहेको छ, नेपाल आयल निगमले अन्तर्राष्ट्रिय बजारबाट कच्चा तेल खरीद नगरी प्रशोधित पेट्रोलियम पदार्थ खरीद गर्दै आएको छ।"

मन्त्री बडूले प्रशोधित पेट्रोलियम पदार्थको मूल्य अन्तर्राष्ट्रिय बजारमा बढिरहेको अवस्थामा निगमले हाल आफू घाटामा रही कारोबार गरिरहेको बाध्यात्मक अवस्थाबारे पनि सदनलाई जानकारी गराए।

उनले विगत केही समययता अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्य निरन्तर बढिरहेको, निगमलाई जेठ समान्तसम्म करीब रु ५० अर्ब घाटा हुन गएको र इन्डियन आयल कर्पोरेशनलाई बुझाउनुपर्ने रु २२ अर्ब बक्यौता रहेको जानकारी दिए।

"इन्डियन आयल कर्पोरेशनलाई पेट्रोलियम पदार्थ खरीद गरेबापत तिर्नुपर्ने बक्यौता रकम बढ्दै जान नदिन र आपूर्ति व्यवस्था सहज बनाइराख्न लागतअनुरूप नै मूल्य समायोजन गर्दै जानुपर्ने बाध्यात्मक स्थिति सिर्जना भएका कारण मूल्यवृद्धि गरिएको यस सदनलाई जानकारी गराउन चाहन्छु," उनले भने।

निगमले पेट्रोलियम पदार्थको नयाँ मूल्य कायम गर्नुभन्दा पहिला पेट्रोलियम पदार्थको धेरै मात्रा बिक्री गरिने निगमलाई घाटामा पुऱ्याएको भन्ने सन्दर्भमा उनले निगमको प्रचलित कानून, नीति तथा पेट्रोलियम पदार्थको बिक्रीसम्बन्धी विद्यमान नियमावली अनुरूप नै बिक्री वितरण गरिएको पनि स्पष्ट पारे।

उनले भने, "मुलुकैभरि सबैभन्दा बढी पेट्रोल खपत हुने काठमाडौं उपत्यकामा निगमको थानकोट डिपोले यही असार ५ गते पेट्रोल सात लाख ५० हजार लिटर र डिजेल आठ लाख ५० हजार लिटर बिक्री गरेको छ भने असार ६ गते पेट्रोल आठ लाख ४० हजार लिटर र डिजेल १० लाख ४० हजार लिटर बिक्री गरेको निगमको रेकर्डबाट देखिन्छ, कसैलाई नाफा हुने नियतले नभई कानून र नीतिगतरूपमा नै मूल्य निर्धारण गरी बिक्री गरिएको छ।"

उनले बिक्री वितरण भइरहेको अवस्थामा पेट्रोलियम पदार्थ बिक्री गरेपश्चात् मूल्य बढ्ने गरेको भनाइमा कुनै सत्यता नभएको पनि स्पष्ट पारे। मन्त्री बडूले नेपालमा पेट्रोलियम पदार्थ र एलपी ग्याँसको आपूर्ति प्रणाली सहज, व्यवस्थित, पारदर्शी र प्रभावकारी बनाउन सरकारले अपनाउनुपर्ने अल्पकालीन र दीर्घकालीन नीति तथा नीतिगत, कानूनी एवं संस्थागत सुधारका लागि विषय समावेश गरी प्रतिवेदन पेश गर्न उच्चस्तरीय अध्ययन कार्यदल गठन गर्ने निर्णय गरिएको जानकारी दिए।

उनले बजार अनुगमनलाई अझै व्यवस्थित, प्रभावकारी र सशक्त बनाउने विश्वास दिलाए।

# घाइते वडासदस्यको निधन

प्रस, पर्सागढी, ८ असार/

एक साताअघि सवारी दुर्घटनामा घाइते भएका वीरगंज महानगर–२४ का वडा सदस्य ३७ वर्षीय कृष्णकुमार यादव (सन्त)को मङ्गलवार राति निधन भएको छ।

जेठ २० गते मकवानपुरगढी गाउँपालिकाको जीपलाइनस्थित कान्तिलोकपथ सडकखण्डमा दुर्घटनामा परी यादव गम्भीर घाइते भएका थिए। त्यसपछि उनलाई भरतपुरस्थित पुरानो मेडिकल कलेजमा भर्ना गरी उपचार भइरहेको थियो।

मङ्गलवार थप उपचारको लागि काठमाडौं लैजाने क्रममा निधन भएको बताइएको छ।

यादव जसपाका नेता थिए भने वीरगंज महानगरपालिकाको कार्यपालिका सदस्यको निर्वाचनको क्रममा वीरगंजबाट



वनभोज गएको टोली दुर्घटनामा पर्दा उनी घाइते भएका थिए। त्यस बेला दुर्घटनामा पाँचजना घाइते भएका थिए। उनी सवार ना.४च ६४३६ नम्बरको बोलेर अनियन्त्रित भएर दुर्घटना भएको थियो।

# बढ्न थाल्यो विद्युतीय गाडीको आयात

–समुन्द्रा घिमिरे

काठमाडौं, ८ असार/रासस

पछिल्लो समय नेपालमा विद्युतीय गाडीको आयातमा वृद्धि हुन थालेको छ। गत वर्षसम्म न्यून मात्रामा आयात हुने गरेको विद्युतीय गाडीको आयात चालू आर्थिक वर्षमा उल्लेख्य मात्रामा वृद्धि हुन थालेको हो। भन्सार विभागले सार्वजनिक गरेको तथ्याङ्क अनुसार गत आर्थिक वर्षको तुलनामा चालू आर्थिक वर्षमा आयातमा वृद्धि भएको छ।

विभागको तथ्याङ्क अनुसार चालू आर्थिक वर्षको एघार महीनामा एक हजार ७०० बढी विद्युतीय गाडी नेपाल भित्रिएका छन्। भन्सार विभागले सार्वजनिक गरेको गत साउनदेखि जेठ मसान्तसम्मको तथ्याङ्क अनुसार एक हजार ७०४ विद्युतीय गाडी नेपाल भित्रिएका हुन्। गत आर्थिक वर्षको एघार महीनाको तुलनामा चालू आर्थिक वर्षमा विद्युतीय सवारीसाधनको आयात ७०० प्रतिशतले बढेको छ। गत आर्थिक वर्ष २०७७/७८ को एघार महीनाको अवधिमा जम्मा २१३ वटा विद्युतीय गाडी आयात भएका थिए।

विभागको तथ्याङ्क अनुसार चालू आर्थिक वर्षमा सबैभन्दा धेरै विद्युतीय गाडी चीनबाट भित्रिएका छन्। चीनबाट १०० किलोवाटका १५४ र १५० देखि २०० किलोवाट क्षमताका ६५६ गरी ८१० वटा गाडी नेपाल भित्रिएका हुन्।


श्रीसिया सुक्खा बन्दरगाहमा परिसरमा रहेका कार। तस्वीरः फाइल/प्रतीक

चीनपछि भारतबाट धेरै विद्युतीय गाडी नेपाल भित्रिएका छन्। भारतबाट १०० किलोवाट क्षमताका ६०८, दक्षिण कोरियाबाट १०० किलोवाट क्षमताका १३२ र फ्रान्सबाट एउटा गाडी नेपाल भित्रिएका छन्।

यस्तै, युकेबाट १०० देखि १५० किलोवाट क्षमताका १३, चीनबाट १५० देखि २०० किलोबाट क्षमताका ६५६, दक्षिण कोरियाबाट १०० देखि २०० किलोवाट क्षमताका ५२, जापानबाट ७८, युकेबाट चारवटा गाडी नेपाल आएका छन्। युकेबाट २०० देखि ३०० किलोवाट क्षमताका चार र युकेबाटै ३०० क्षमताभन्दा माथिका दुईटा विद्युतीय गाडी नेपाल भित्रिएका छन्।

गत वैशाखमा न्यून मात्रामा विद्युतीय गाडी भित्र्याइएकामा जेठमा वृद्धि भएको छ। गत वैशाखको तुलनामा जेठमा मात्रै १५३ वटा विद्युतीय गाडी नेपाल भित्रिएका हुन्। वैशाखमा मात्रै ७८ वटा विद्युतीय गाडी नेपाल भित्रिएका थिए।

**पाँच अर्बका गाडी भित्रिए**

चालू आर्थिक वर्षको एघार महीनाको अवधिमा रु पाँच अर्ब बढीका विद्युतीय गाडी नेपाल भित्रिएका छन्। भन्सार विभागको तथ्याङ्क अनुसार जेठ मसान्तसम्म एक हजार ७०४ विद्युतीय गाडी नेपाल भित्रिंदा रु पाँच अर्ब पाँच करोड १६ लाख १३ हजार विदेशिएको हो।

यसैगरी, उक्त विद्युतीय गाडी आयातबाट सरकारले रु एक अर्ब ३५ करोड ४१ लाख बराबर राजस्व सङ्कलन गरेको छ। सरकारले डिजेल तथा पेट्रोलबाट सञ्चालित हुने गाडीको आयातमा रोक लगाउँदा विद्युतीय गाडी आयातमा वृद्धि भएको बताइएको छ। देशमा विदेशी मुद्राको सञ्चितिमा कमी आएको भन्दै उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले गाडीसहित विभिन्न १० वटा वस्तुको आयातमा रोक लगाएको छ।

मन्त्रालयले गत वैशाख १३ गते राजपत्रमा सूचना प्रकाशन गरी असार मसान्तसम्म उक्त वस्तुको आयातमा रोक लगाएको हो। सरकारले डिजेल तथा पेट्रोलबाट सञ्चालित गाडीको आयातमा रोक लगाएर विद्युतीय सवारी आयात खुला राखेको हो।

## फरक समाचार

# कुन फल कुन समयमा खाने

फल सेवन गर्ने पनि एउटा निश्चित समय हुन्छ। सही समयमा फल खाएपछि शरीरलाई बढी फाइदा पुग्छ। तसर्थ सही समय के हो थाहा पाइराखौंः

**स्याउः** स्याउमा फाइबरको बढी मात्रा पाइन्छ। यसमा पेक्टिन नामक तत्त्व हुन्छ, जसले कोलेस्ट्रोल र रक्तचापको लेबललाई कम गर्छ। यसलाई बिहानको खाजामा वा खानाभन्दा एक घण्टा पहिले खानुपर्छ, जसबाट शरीरले बढी फाइदा पाउँछ। राति स्याउ खाँदा पेटमा ग्याँसको समस्या उत्पन्न हुन सक्छ।

**केराः** केरामा आयरन र म्याग्निशियमको मात्रा बढी पाइन्छ। केरा खानाले रगतको कमी हुँदैन। केरा खाने सही समय भनेको बिहानको खाजासँग र दिउँसो खानुपर्छ। केरा खाली पेट कहिल्यै खानुहुँदैन।

**अङ्गुरः** बिहान खाली पेट अङ्गुर खाँदा शरीरलाई सबैभन्दा बढी फाइदा पुग्छ। अङ्गुरमा पानीको मात्रा भएको कारण यसले शरीरमा पानीको कमी पूर्ति गर्छ।

**अनारः** अनार नाश्ताको साथ खाँदा दिनभरि शरीरमा ऊर्जा रहन्छ। अनार भारी नभएकोले यसलाई साँझ पनि खान सकिन्छ।

**आँपः** आँप गर्मी प्रकृतिको फल हो, यसैले यसको सेवन दूधसँग गर्दा शरीरलाई बढी फाइदा पुग्छ। शरीरलाई शक्ति पाउँछ र छालामा चमक आउँछ। आँपमा क्यालोरी बढी मात्रामा हुन्छ, यसैले यसलाई रातिको समयमा खानुहुँदैन।

**मेवाः** मेवा यस्तो फल हो, जसलाई दिनमा जुनसुकै बेला खान सकिन्छ र राति खानाभन्दा पहिला सेवन गर्नुपर्छ। खाना खाएपछि मेवा खानुहुँदैन। बिहानको खाजापछि वा दिउँसो खानाभन्दा एक घण्टा पहिले खान सकिन्छ।



**अनारसः** अनारस (भुइँकटहर)मा बोमेलेन नामक इन्जाइम हुन्छ, जुन शरीरमा प्रोटीनलाई सही ढङ्गले पचाउने काम गर्छ। यसैले यसलाई खाना खाएपछि मात्र सेवन गर्नुपर्छ। यसको सेवन दिउँसो पनि गर्न सकिन्छ।

**तरबुजाः** गर्मीमा तरबुजाको सेवन निकै लाभकारी मानिन्छ। यसले शरीरमा पानीको कमी पूर्ति गर्छ। तरबुज खाली पेट खान सकिन्छ वा दिउँसो खाना खाएको एक घण्टापछि खान सकिन्छ। तरबुजालाई रातिको समयमा खानुहुँदैन। यसबाट निद्रा नआउने समस्या हुन सक्छ।


**अम्बाः** अम्बालाई राम्ररी चपाएर खाएपछि शरीरमा आयरन तत्त्व पूर्ति हुन्छ, साथै कब्जको समस्या पनि हुँदैन। अम्बा खाजाको बेला खाली पेट खानाले बढी फाइदा पुऱ्याउँछ। यसमा रहेको फ्रुक्टोजले शरीरलाई तुरुन्त ऊर्जा दिन्छ।

**सुन्तलाः** सुन्तलामा भिटामिन सीको बढी मात्रा हुन्छ। यसले शरीरमा रगतको कमी हुन दिंदैन। सुन्तलालाई एकाबिहान र राति खानुहुँदैन। बिहानको खाजा र खानापछि यसको सेवन गर्नुपर्छ।

यसको अलावा नास्पातीलाई खाली पेट वा साँझ खान सकिन्छ। साथै अन्य फललाई बिहानको खाजा र खानापछि र साँझको समयमा खान सकिन्छ।

# तपाईंको बच्चा कुकुरसँग खेल्छ ?

घरपालुवा जनावरले तनाव कम गर्न मदत गर्छ। तर हालसालै गरिएको एउटा अनुसन्धानले पत्ता लगाएको छ, बच्चाहरूको सामाजिक र मानसिक



विकासमा कुकुरहरूले पनि महत्त्वपूर्ण भूमिका खेल्छ। अनुसन्धानले पत्ता लगाएको छ, जुन घरमा पालुवा कुकुर हुन्छ र बच्चा उनीहरूसँग खेल्छन्, ती बच्चाहरूको सामाजिक र भावनात्मक समस्या २३ प्रतिशतसम्म कम हुन्छ।

यस शोधको लागि पश्चिमी अस्ट्रेलिया विश्वविद्यालय र टेलिथोन किड्स इन्स्टिच्यूटको टीमले लगभग १७ सय घरका २ देखि ५ वर्षका बच्चाहरूबारेमा जानकारी सङ्कलन गऱ्यो। शोधकर्ताहरूले अध्ययनको क्रममा पालुवा कुकुरसँग हुर्केका बच्चाहरूमा असामाजिक व्यवहारमा संलग्न हुने सम्भावना ३० प्रतिशतसम्म घटेको पत्ता लगाए।

जबकि अन्य बच्चाहरूमा यो समस्या ३४ प्रतिशतसम्म बढेको थियो। घरमा कुकुर राख्नाले बच्चाहरूको मानसिक र सामाजिक विकास सही तरीकाले हुन्छ। बच्चाहरू र पालुवा कुकुरबीच एक विशेष प्रकारको लगाव हुन्छ। यस्तो अवस्थामा घरपालुवा जनावर कुकुरहरूसँग खेल्न र समय खर्च गर्दा बच्चाहरूको सामाजिक र भावनात्मक विकासलाई बढावा दिन सकिन्छ।

घरपालुवा कुकुरसँग रहेका बच्चाहरू ठूलो भएपनि सिजोफ्रेनियाको जोखिम रहँदैन। जोन्स हप्किन्स मेडिसिन, संयुक्त राज्य अमेरिकाका प्रबन्ध निर्देशक जोन्स हप्किन्सका अनुसार अधिकांश मानसिक विकार बाल्यकालमा पाइने प्राकृतिक प्रदर्शन र वातावरणसँग सम्बन्धित हुन्छ। किनभने बाल्यावस्थामा पाइएको वातावरणले शरीरको प्रतिरक्षा प्रणाली विकास गर्दछ। घरका बच्चाहरू घरपालुवा जनावरहरूसँग अत्यन्त नजीकको सम्बन्ध हुन्छ, जसले उनीहरूको मानसिक विकासमा मदत गर्दछ। कोरोना भाइरस महामारीको बेला लकडाउनमा पालुवा कुकुरसँग बच्चाहरूको साथ विशेष हुन पुगेको छ। किनभने यस समयमा बच्चाहरूलाई लामो समयदेखि घरमा कैद गरिएको थियो।

–प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

## अन्तर्राष्ट्रिय समाचार

# इमरान खानकालमा पाकिस्तानको मानव अधिकार स्थिति चिन्ताजनक

इस्लामाबाद, ८ असार/एएनआई

इमरान खानको नेतृत्वमा पाकिस्तानले विश्वको सबैभन्दा खतरनाक मानव अधिकार उल्लङ्घनकर्ता देशको रूपमा कुख्याति कमाएको प्रतिवेदन सार्वजनिक भएको छ।

सैनिक शासक जनरल परवेज मुशर्रफपछि खान खतरनाक मानव अधिकार उल्लङ्घनकर्ताका रूपमा दरिएका छन्। उनको कार्यकालमा सञ्चारगृह, मानव अधिकार रक्षक समूह र सामाजिक सञ्जालका अभियन्ताहरूलाई दबाउन खोजिएको जस्ट अर्थ न्यूजले जनाएको छ।

खानले आफ्नो शासनकालमा असन्तुष्ट पक्षको हत्या, पत्रकारलाई कुटपिट र वाक् स्वतन्त्रतामाथि प्रहार गरेका थिए। पाकिस्तानको मानव अधिकार आयोगले यो वर्षको प्रारम्भमा जारी गरेको 'मानव अधिकारको स्थिति प्रतिवेदन २०२१' मा उक्त वर्ष अभिव्यक्ति स्वतन्त्रताको अधिकारमा सबैभन्दा बढी क्षति पुगेको उल्लेख थियो।

जनताको बोल्ने र मन लागेको काम गर्ने अधिकार खान सरकारले सङ्कुचित तुल्याउनुका साथै उनको राजनीतिक दल तहरिक-ए-इनसाफ (पिटिआई)का कार्यकर्ताले पनि पत्रकारहरूमाथि दमन गरेका थिए। पत्रकारलाई धम्की दिएका नौवटा घटना प्रतिवेदनमा समेटिएको छ।

प्रतिवेदन अनुसार खान सरकारले सेनासँग मिलेर पत्रकारमाथि निर्मम कदम चालेका थिए। उनी र उनका सहयोगीहरूका अमानवीय गतिविधिले पाकिस्तानलाई विश्वमा उपहासको पात्र बनाएको छ। धेरै आलोचकलाई बेपत्ता पारिएको, असहमति जनाउनेलाई प्रहरी लगाएर दमन गरिएको र सीमान्तकृत वर्ग पनि त्यस्ता अराजक गतिविधिको शिकार भएका थिए।

पाकिस्तानी मानव अधिकार आयोगले मात्र नभई अमेरिकी विदेश मन्त्रालयले पनि इस्लामाबादले गैरकानूनी एवं स्वेच्छाचारी हत्यालाई प्रश्रय दिएको प्रतिवेदन सार्वजनिक गरेको थियो। त्यसैगरी, ह्युमन राइट्स वाचले पनि सरकारी सुरक्षा बल र लडाकू समूहले भयको वातावरण सृजना गरेर नागरिक अधिकार कुण्ठित पारेको प्रतिवेदन निकालेको थियो। रासस



पाकिस्तानका पूर्वप्रधानमन्त्री इमरान खान। तस्वीर: एजेन्सी

# बन्दूक नियन्त्रणसम्बन्धी विधेयकमा सांसदहरूको सहमति

वाशिङ्टन, ८ असार/एएनआई

अमेरिकी सांसदहरूले बन्दूक नियन्त्रणसम्बन्धी ऐतिहासिक द्विपक्षीय विधेयकमा सहमति जनाएका छन्।

सांसदहरूको समूहले उभल्दे, बफेलो र टेक्सासमा हालै भएका नरसंहारका घटनापछि बन्दूक नियन्त्रणसम्बन्धी बहुप्रतीक्षित द्विपक्षीय विधेयकमा सहमति जनाएका हुन्। बफेलो, न्यूयोर्क र टेक्सासमा हालै भएका गोलीकाण्डमा ३१ जना स्कूले बालबालिका मारिएका थिए।

मानसिक स्वास्थ्य एवं विद्यालय सुरक्षा विधेयकले कानून पालना गर्ने बन्दूक मालिकहरूमाथि कुनै अङ्कुश नलगाएको तर अविवेकीरूपमा बन्दूक चलाउन सक्ने ठानिएका व्यक्तिहरूबाट बन्दूक फिर्ता लिने व्यवस्था गरेको छ। नयाँ विधेयकले मानसिक स्वास्थ्य कोषमा अर्बौं डलर उपलब्ध गराउने लक्ष्य लिएको छ।

विधेयकमा सहमति भएसँगै लामो समयदेखि बन्दूक हिंसाबाट पीडित अमेरिका अब त्यसबाट थोरै भएपनि मुक्त हुने विश्वास गरिएको छ।

बन्दूक हिंसाका राजधानीका रूपमा दुर्नाम कमाएका वाशिङ्टन डिसी, शिकागो, लस एन्जल्स, डेट्रोइट र न्यू अर्लिन्समा अब नरसंहार नहुने आशा पनि गरिएको छ। रासस

# अफगानिस्तानमा गएको भूकम्पबाट कम्तीमा २८० जनाको मृत्यु

काबुल, ८ असार/सिन्ह्वा

अफगानिस्तानको पाक्टिका प्रान्तमा बुधवार बिहान गएको भूकम्पमा परी कम्तीमा २८० जनाको मृत्यु हुनुका साथै ५९५ जना घाइते भएका राज्यद्वारा सञ्चालित बख्तर समाचार समितिले जनाएको छ।

सबैभन्दा बढी प्रभावित पूर्वी प्रान्त पक्टिका प्रान्तको बर्माल, जिरूक, नाका र गायन जिल्लामा करीब २५५ जनाको ज्यान गएको पछिल्लो स्थानीय स्रोतलाई उद्धृत गर्दै समाचार समितिले जानकारी दिएको छ। भूकम्प प्रभावित क्षेत्रमा हेलिकप्टर र उद्धार टोली पुगेको छ।

छिमेकी प्रान्त खोस्टमा कम्तिमा २५ जनाको ज्यान गएको छ भने ९५ जना घाइते भएका छन्।

भूकम्प ६.१ म्याग्निच्युडको भएको जनाइएको छ।

भूकम्पको केन्द्रविन्दु खोस्टबाट ४४ किलोमिटर दक्षिणपश्चिममा रहेको अमेरिकी भौगर्भिक सर्वेक्षण संस्थाले जनाएको छ।

भूकम्पको कारण यस क्षेत्रका दर्जनौं घरमा क्षति पुगेको छ भने पक्टिका प्रान्तमा पहिरो गएको स्थानीय स्रोतले जनाएको छ। रासस

# टर्कीद्वारा संयुक्त बैठक आह्वान

अङ्कारा, ८ असार/सिन्ह्वा

टर्कीले युक्रेनका लागि संयुक्त बैठकको आह्वान गर्ने भएको छ। युक्रेनमा जारी रूसी हमलाका विषयमा टर्कीले बैठक आह्वान गर्ने भएको हो।

टर्कीले स्तानबुलमा बैठक आह्वान गरेको छ। आगामी हप्ता चार दिनका लागि सो बैठक आह्वान गर्ने भनिएको छ।

यस विषयमा आवश्यक छलफलका लागि टर्कीको सैनिक प्रतिनिधिमण्डल यसै हप्ता रूस जाने भएको छ। सो बैठकमा संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेस पनि सहभागी हुने समाचारमा जनाइएको छ।

संयुक्त राष्ट्रसङ्घले रूस र युक्रेनलाई शान्ति स्थापनाका लागि पहल गर्न आग्रह गर्दै आएको छ। साथै युक्रेनमा जारी हिंसाका कारण त्यहाँबाट खाद्यान्नलगायत सामान निर्यात गर्ने बाटो पनि बन्द भएको छ।

यी खाद्यान्न निर्यातका लागि करिडोर स्थापना गर्न संयुक्त राष्ट्रसङ्घले आग्रह गर्दै आएको छ।

सो प्रयोजनका लागि सहमति जुटाउन पनि रूस र युक्रेनको सहभागितामा बैठकको आयोजना गरेको टर्कीले जनाएको छ। रासस


## वीरगंज महानगरपालिकाको सूचना

यस वीरगंज महानगरपालिका क्षेत्रभित्र सार्वजनिक स्थलमा आवागमनमा बाधा पर्ने गरी निर्माण सामग्री थुपार्ने, फुटपाथमा पसल सञ्चालन गर्ने, छाडा गाईवस्तु तथा छाडा चौपाया छोड्ने, जथाभावी फोहर फाल्नेलगायत नियम विपरीत कार्यहरू नगर्न नगराउन हुन जानकारी गराइन्छ। साथै उक्त कार्य गरेको पाइएमा कानून बमोजिम जरिवानाका साथै सोको व्यवस्थापन गर्दा लागेको सम्पूर्ण खर्चसमेत सम्बन्धितबाट असुल उपर गरिने बेहोरा सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**वीरगंज महानगरपालिका, पर्सा**


## आजको राशिफल

| | |
|---|---|
| मेष – अन्नलाभ | वृष – बेचैनी |
| मिथुन – मनोरञ्जन | कर्कट – कर्मप्राप्ति |
| सिंह – राज्यभय | कन्या – वादविवाद |
| तुला – व्यापारवृद्धि | वृश्चिक – शत्रुभय |
| धनु – चोरभय | मकर – उदरपीडा |
| कुम्भ – विजय | मीन – धनखति |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


## रानीघाट-पोखरिया बस समिति

भिस्वा- बिहान ७:४० बजे
भिस्वा- बिहान १०:०० बजे
भिस्वा- मध्याह्न १२:०० बजे
भिस्वा- दिउँसो १:३० बजे
दसौता- दिउँसो २:३० बजे
सेढवा- दिउँसो ३ बजे
देउरिया- दिउँसो ३:१५ बजे
भिस्वा- दिउँसो: ३:४० बजे


# आन्तरिक उडान नियमित सञ्चालन हुने

काठमाडौं, ८ असार/रासस

आन्तरिक उडान नियमित सञ्चालन गर्न एयरलाइन्स कम्पनी सहमत भएका छन्। आजदेखि आन्तरिक उडान बन्द गर्ने घोषणा गरेका एयरलाइन्स कम्पनीले गए राति भएको वार्तापछि उडान नियमित गर्ने सहमति भएको हो।

आन्तरिक उडानका एयरलाइन्सले आज बिहानैदेखि उडान सञ्चालन गरेको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल कार्यालयले जनाएको छ। विमानस्थलका प्रवक्ता टेकनाथ सिटौलाले बिहानैदेखि नियमित उडान भइरहेको जानकारी दिए। बुद्ध एयरले बिहान ११ बजेदेखि आन्तरिक उडान नियमित सञ्चालन गर्ने कम्पनीका सूचना अधिकारी दीपेन्द्रकुमार कर्णले जानकारी दिए। बुद्धएयरले हिजै आफ्नो नियमित उडान गर्ने निर्णय गरेको थियो। बुद्धबाहेक अन्य एयरलाइन्स वार्तापछि उडान सञ्चालन गर्न सहमत भएका थिए।

सरकार र वायुसेवा सञ्चालक सङ्घबीच गए राति भएको वार्तापछि आन्तरिक उडान नियमित हुने भएको प्रवक्ता योगराज कँडेल शर्माले जानकारी दिए। अन्य मागका सम्बन्धमा आज पुनः वार्ता गरेर टुङ्गोमा पुग्ने जनाइएको छ। प्रधानमन्त्री कार्यालयको पहलमा गृह मन्त्रालय, प्राधिकरणका महानिर्देशक प्रदीप अधिकारीसहितका उच्च पदाधिकारी र सङ्घका अध्यक्ष क्याप्टेन रामेश्वर थापालगायतको वायुसेवा सञ्चालकहरूको टोलीबीच गए राति वार्ता भएको थियो। आज मध्याह्न पुनः वार्तामा बसी अन्य मागका विषयमा टुङ्गो लगाइने बताइएको छ।




प्राधिकरणले यही असार ५ गते गरेको निर्णय फिर्ता लिनुपर्ने माग गर्दै सङ्घले पत्रकार सम्मेलन गरेर उडान बन्द गर्ने चेतावनी दिएको थियो। लगत्तै प्राधिकरणले पत्रकार सम्मेलन गरेर अत्यावश्यक हवाई सेवा बन्द नगर्न चेतावनी दिँदै उडान बन्द गरेर जनतालाई समस्यामा पारे प्राधिकरण चुप लागेर नबस्ने स्पष्ट पारेको थियो।

# रेलवे माविमा सम्मान कार्यक्रम

प्रस, वीरगंज, ८ असार/

नेपाल रेलवे माध्यमिक विद्यालयले बुधवार वीरगंज महानगरपालिका वडा नं ९ का निर्वाचित अध्यक्षलगायत सम्पूर्ण सदस्यलाई सम्मान गरेको छ।



तस्वीर: प्रतीक

प्रधानाध्यापक मुनीलाल कर्णको अध्यक्षतामा भएको कार्यक्रममा नवनिर्वाचित वडाध्यक्ष जवाहरप्रसाद रौनियारलगायत सम्पूर्ण सदस्यलाई अबिर, माला र खादा लगाइ सम्मान गरेका थिए।

आफ्नो वडाको एकमात्र सामुदायिक विद्यालय रेलवे स्कूल स्थापनाको लागि मेरो बुबाको योगदान रहेको र आज म यस विद्यालयलाई केही सहयोग गर्न सक्ने भएकोले आफ्नो कार्यकालभित्र नमूना विद्यालय बनाउने दाबी वडाध्यक्ष रौनियार गरे।

विद्यालयमा हुने राजनीतिकबाट यहाँका शिक्षकहरू टाढा रही इमानदारीका साथ आफूलाई साथ र सहयोग दिए मात्र यो कार्य सम्भव हुने वडाध्यक्ष रौनियारले बताए।

कार्यक्रममा विद्यालयका शिक्षक, विद्यार्थी, अभिभावकलगायतको सहभागिता थियो।

# महामारी नियन्त्रणबारे अन्तर्क्रिया

प्रस, पोखरिया, ८ असार/

औंलो तथा कालाज्वरो महामारी रोग नियन्त्रणका लागि बहुनिकायसँग अन्तर्क्रिया कार्यक्रम पोखरिया नगरपालिकाको सभाहलमा सम्पन्न भएको छ।



तस्वीर: प्रतीक

कार्यक्रममा लामखुट्टेको टोकाइबाट लाग्ने गरेको सो रोगबाट बच्न झुलको प्रयोग अनिवार्य गर्नुपर्ने सुझाव दिइएको

(बाँकी अन्तिम पातामा)


नेपाल सरकार
पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधानिकीकरण परियोजना
परियोजना कार्यान्वयन एकाइ, पर्सा

## क्याटलग सपिङ विधिबाट Grain Dryer खरीदका लागि सिलबन्दी प्रस्ताव आह्वानसम्बन्धी सूचना

प्रथमपटक सूचना प्रकाशन मितिः २०७९/०३/०७

यस परियोजनाको चालू आव २०७८/७९ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार धान जोन लागू रहेको क्षेत्रभित्रबाट यस एकाइमा सूचीकृत भएका लक्षित वर्गहरूलाई लक्षित गरी पोस्ट हार्भेस्ट क्षति न्यूनीकरण कार्यक्रम सञ्चालन गर्नका लागि अनुदानमा धान तथा मकैका लागि उपयोगी हुने Grain Dryer वितरण गर्नुपर्ने भएकोले सार्वजनिक खरीद ऐन, २०६३ (पहिलो संशोधन २०७३)को दफा ८ को उपदफा १ (क) (८) तथा सार्वजनिक खरीद नियमावली, २०६४ (दशौं संशोधन २०७७) को नियम ३१ (ख) बमोजिम Grain Dryer को उत्पादक कम्पनी वा नेपालको सोको आधिकारिक विक्रेताहरूबीच मात्र प्रतिस्पर्धा गराउन क्याटलग सपिङ विधिबाट Grain Dryer खरीद गर्नका लागि सार्वजनिक खरीद नियमावली, २०६४ (दशौं संशोधन २०७७)को नियम ३१ (ख)को उपनियम २ अनुसार यस एकाइमा सूचनामा उल्लेख भए अनुसारका कागजातहरू संलग्न राखी तपसिलमा उल्लेख भए बमोजिमको सिलबन्दी प्रस्ताव यो सूचना प्रकाशन भएको मितिले ७औं दिन अर्थात् २०७९/०३/१३ गते १४:०० बजेभित्र यस एकाइमा स्वयम् वा प्रतिनिधिमार्फत दर्ता गराउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। दर्ता भएका सिलबन्दी प्रस्तावहरू सोही दिन १६:०० बजे खोलिनेछ। थप अन्य जानकारीको लागि सम्पर्क नं. ९८५५०३६४१२/९८५५०३८९५४/९८५५०३६४१५ मा सम्पर्क राख्नुहोला।

**दररेट पेश गर्दा अनिवार्य पेश गर्नुपर्ने कागजातहरूः**

१. दररेट पेश गरिएको भनी रु १० को टिकट टाँस गरी पेश गरिएको निवेदन।
२. फर्म दर्ता प्रमाणपत्र, PAN/VAT दर्ता प्रमाणपत्र र आव २०७७/७८ को करचुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपि।
३. सम्बन्धित निकायबाट नेपालमा Grain Dryer को कारोबार गर्नका प्रदान गरिएको इजाजतपत्रको प्रतिलिपि।
४. कालोसूचीमा नरहेको स्वघोषणापत्र।
५. समान प्रकृतिको काम गरेको भएमा सोसम्बन्धी प्रमाणहरूको प्रतिलिपि।
६. Grain Dryer को Specification, गुणस्तर तथा कम्पनीको आधिकारिक मूल्य खुल्ने कागजात (ब्रोसर/क्याटलग)

**तपसिलः**

| SN | Machine | Required Specification | Specification Offered | Required Quantity | Remarks |
|---|---|---|---|---|---|
| 1 | Grain Dryer | Specification यस एकाइको website Grain Dryer https://parsa.pmamp.gov.np बाट download गर्न सकिनेछ। | | Few | |

१. यस सूचनामा उल्लेख भए बमोजिम अनिवार्य पेश गर्नुपर्ने कागजात संलग्न नभएमा वा दररेटसम्बन्धी विवरण अपूर्ण भएमा वा रीत नपुगेको वा म्याद नाघी प्राप्त भएको दररेट प्रस्तावहरू मूल्याङ्कन प्रक्रियामा समावेश गरिनेछैन।
२. सिलबन्दी दररेट पेश गर्दा खाममा सम्बन्धित आपूर्तिकर्ताको नाम र ठेगाना, email ID तथा सम्पर्क नम्बर अनिवार्यरूपमा उल्लेख भएको हुनुपर्नेछ। दररेट स्वीकार गर्ने नगर्ने सम्पूर्ण अधिकार यस एकाइमा सुरक्षित रहनेछ।
३. यस सूचनामा उल्लेख गर्न छुट भएका अन्य शर्त/बेहोराहरू सार्वजनिक खरीद ऐन २०६३, सार्वजनिक खरीद नियमावली २०६४ र अन्य प्रचलित कानून अनुसार हुनेछ।

**वरिष्ठ कृषि अधिकृत**

# अतिविपन्न समुदायलाई आयआर्जन हुनेगरी अमला रोपण

प्रस, निजगढ, ८ असार/

निजगढ नगरपालिका वडा नं १२ भक्तलाल खोलाको कृष्ण गोरेटो चउरमा



आयमूलक अमलाको बिरुवा संरक्षणबारे मन्तव्य राख्दै र वृक्षारोपण गर्दै डिभिजन वन कार्यालय, बाराका प्रमुख विनोद सिंह। तस्वीरः जीतलाल श्रेष्ठ

बुधवार वृक्षारोपण शुरू गरिएको छ।

कार्यक्रमका प्रमुख अतिथि एव डिभिजन वन कार्यालय, बाराका प्रमुख एव डिएफओ विनोद सिंहले वृक्षारोपण गरेका थिए। "मानवका लागि वनजङ्गलको संरक्षण अपरिहार्य छ। वनजङ्गलविना कुनै प्राणीको कल्पना गर्न सकिंदैन। वृक्षारोपण पुण्य कार्य हो भने, हुर्काउने, संरक्षण गर्ने महान् कार्य हो," डिएफओ सिंहले भने। बढीमा ५/७ वर्ष बिरुवालाई हुर्काउनुस्। त्यसपछि आम्दानी पाउनुहुनेछ। वृक्षारोपणसँगै उनले संरक्षणमा चासो दिनसमेत सरोकारवालाहरूलाई आग्रह गरे। "यस कार्यको सफलतासँगै आउँदो पुस्ताले हामीहरूलाई मनैदेखि धन्यवाद दिनेछन्," डिएफओ सिंहले बताए। अवश्य पनि बिरुवा हुर्काउन, संरक्षण गर्न अथक मेहनत चाहिन्छ नै। जडीबुटी प्रजातिको अमलाको बिरुवा रोपणपछि हुर्केर उत्पादन हुँदाको समय खुशीको क्षण हुने भन्दै नमूना सफल वन क्षेत्र बनाउँदै उत्पादनसँगै आयआर्जनबाट स्थानीयहरूको आर्थिक अवस्था उक्सिनेमा आफू विश्वस्त रहेको डिएफओ सिंहको भनाइ थियो।

कार्यक्रममा निजगढ नपा–१२ का वडाध्यक्ष ज्ञानबहादुर गोलेले शुरूका केही वर्ष बिरुवा हुर्काउन, संरक्षण गर्न केही कठिनाइ हुन सक्ने भन्दै अन्ततः आयमूलक बिरुवा रोपणले सरोकारवाला वडाका स्थानीयहरूको आर्थिक स्रोत बलियो बनाउन थप टेवा पुग्नेमा आफू आशावादी रहेको बताउँदै नमूना आयमूलक वन क्षेत्र बनाउन सबै एकमत भएर अघि बढ्न सबैलाई आग्रह गर्दै वडाका तर्फबाट पनि आवश्यक सहयोग उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गरे।

वन क्षेत्रको खोला किनारको खाली जमीनमा अमलाको बिरुवालाई हुर्काउँदै नमूना वन क्षेत्र बनाउन सबैले आआफ्नो ठाउँबाट महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सञ्चारकर्मी जीतलाल श्रेष्ठले आग्रह गरे।

करीब दुई हेक्टर जमीनमा तीन हजार २०० वटा अमलाको बिरुवा रोपण गर्ने रतनपुरी सबडिभिजन वन कार्यालयका प्रमुख एवं सहायक वन अधिकृत रविकान्त श्रीवास्तवले जानकारी गराए। यस कार्यबाट वनमा आश्रित अतिविपन्न, गरीब वर्गको आर्थिक अवस्थामा टेवा पुग्ने उद्देश्य रहेको उनले बताए।

स्थानीय बुद्धज्योति सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रभित्र रहेको सो जमीनमा गरिएको वृक्षारोपणपछि संरक्षणको लागि लालीगुराँस जडीबुटी खेती महिला समूह गठन गरिएको वन समूहका अध्यक्ष ज्ञानबहादुर दोङले बताए। उत्पादित अमलालाई प्रशोधन गरी जडीबुटीका लागि बिक्री गरी आम्दानी हुने जनाइएको छ।

राष्ट्रपति चुरे तराई–मधेस संरक्षण विकास समिति, भरतपुर, चितवनको रु आठ लाख ५० हजारको आर्थिक सहयोगमा लगभग १० हेक्टर उक्त नदी उकास खाली वन क्षेत्रमा काँडे तारबार गरी जमीनको संरक्षण गरिएको छ। सो जमीनमा आँप, लिच्ची, कटहर, अम्बालगायत विभिन्न आयमूलक फलफूलका बिरुवा सम्बन्धित सरोकारवाला निकायहरूसँग सहयोग र समन्वय गरी रोपण गर्न सबै एकमत हुनुपर्ने स्थानीयवासीको माग छ।

# प्रेस मञ्चको समन्वय समिति गठन

प्रस, वीरगंज, ८ असार/

प्रेस मञ्च नेपाल, पर्साको सङ्गठन



तस्वीरः सौजन्य

विस्तार गर्न समन्वय समिति गठन गरिएको छ। बुधवार मञ्चका केन्द्रीय उपाध्यक्ष वीरेन्द्र साहको संयोजकत्वमा पाँच सदस्यीय समन्वय समिति गठन गरिएको हो। समितिको सदस्यहरूमा सनी महतो, आविद हुसेन, दीपेन्द्र चौधरी, बलिराम यादव छन्।

समितिले मञ्चमा आबद्ध हुन चाहनेलाई समेटेर भेला आयोजना गरी जिल्ला कार्यसमिति पुनः गठन गर्ने निर्णय गरेको छ। बैठकले वीरगंज–३, छपकैयामा कार्यालय सञ्चालन गर्ने तथा जसपाबाट निर्वाचित जनप्रतिनिधिलाई सम्मान गर्ने निर्णय गरेको छ।

बैठकमा किरण सत्याल, प्रेमचन्द्र सर्राफ, बलिराम यादव, त्रिलोकीनाथ यादव, अब्दुल कैस, सञ्जयप्रसाद कुशवाहा, राकेश चौरसिया, जाकिर हुसेन, पिङ्की सर्राफलगायतको सहभागिता थियो।




# गढीमाई नगरपालिकाको आठौं नगरसभा सम्पन्न

प्रस, रौतहट, ८ असार/

गढीमाई नगरपालिकाको आठौं नगरसभा सम्पन्न भएको छ।

नगरसभामा आर्थिक वर्ष २०७९/८० को नीति तथा कार्यक्रम एवं बजेट प्रस्तुत गर्दै गढीमाई नगरपालिकाका प्रमुख श्यामप्रसाद यादवले शिक्षा, स्वास्थ्य, कृषि, सडकलगायतका पूर्वाधारको विकासलाई प्राथमिकतामा राखेको बताए।

अधुरो निर्माण कार्यलाई पूरा गर्ने, बालबालिकालाई गुणस्तरीय पौष्टिक आधारको व्यवस्थापन, वृद्ध एवं असहायलाई आवश्यक सहयोग, दलित आवास योजना, विद्युतीय चुलो वितरणलगायतका योजनाहरू प्रस्तुत गरेका थिए।



तस्वीरः प्रतीक

सङ्घीय सरकारबाट प्राप्त भएको बजेट, आन्तरिक आय, प्रदेशबाट आउने बजेट, समपूरक बजेट, सडक बोर्डलगायत आर्थिक वर्ष २०७९/८० को अनुमानित बजेट रु ६५ करोडको आय–व्यय नगरप्रमुख यादवले प्रस्तुत गरेका थिए।

कार्यक्रममा उपप्रमुख, वडाध्यक्ष, वडा सदस्य, नगरपालिका बोर्डका सदस्यलगायत नगरवासीको सहभागितामा आठौं नगरसभा सम्पन्न भएको गढीमाई नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत नागेन्द्र यादवले बताए।

# पोषणसम्बन्धी अभिमुखीकरण

प्रस, पोखरिया, ८ असार/

पर्साको पोखरिया नगरपालिका वडा नं २ लमरियामा बुधवार विद्यालय विमुख किशोरीहरूको लागि पोषण तथा सरसफाइसम्बन्धी एक दिने अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ। पोखरिया नगरपालिकाको पोषण शाखा प्रमुख विनोद पाण्डेयको सभापतित्व तथा वडा नं २ का अध्यक्ष केदार महतो चाई आतिथ्यमा भएको कार्यक्रममा ३० जना किशोरीको सहभागिता थियो। सो कार्यक्रम वडा नं २ लमरियास्थित आधारभूत स्वास्थ्य चौकीमा भएको थियो।

कार्यक्रममा शिवकुमार पटेलले सरसफाइसम्बन्धी प्रशिक्षण दिएका थिए।

# वीरगंज हेल्थकेयर शिक्षण अस्पतालको प्रक्रियामा

प्रस, वीरगंज, ८ असार/

वीरगंज–१४ बहुअरीमा सञ्चालित



तस्वीरः प्रतीक

वीरगंज हेल्थकेयर अस्पतालले बिएस्सी मेडिकल कलेजको रूपमा दर्ता प्रक्रिया अगाडि बढाएको छ।

कलेजले एक महीनाअगाडि चिकित्सा शिक्षा आयोगबाट लेटर अफ इन्टेन्डेन्ट अर्थात् भौतिक पूर्वाधार तयार गर्न र शिक्षण अस्पतालको प्रारम्भिक तयारी पूरा गर्न अनुमति पाइसकेको अस्पतालका सञ्चालक अबुल हैस अन्सारीले बताए। बिएस्सी इन्टरनेशनल समूहबाट सञ्चालन हुने यस कलेजको लागि २०६३ सालमा सिटिइभिटीमा विभिन्न कोर्ष शुरू गर्न अनुमति दिइसकेको छ भने २०७८ चैतमा चिकित्सा शिक्षा आयोगले भौतिक पूर्वाधारको लागि अनुमति दिइसकेको जनाइएको छ।

यस अस्पतालले चाँडै २० करोडभन्दा बढी खर्च गरेर पर्सा र बारामा विभिन्न पूर्वाधार तयार गरी फार्मेसी, ब्याचर इन नर्सिङ, नेपाल मेडिकल बोर्ड ट्रेनिङको स्नातकोत्तर कोर्ष, एचए पिसिएल नर्सिङलगायत कोर्ष शुरू गर्न प्रक्रिया अगाडि बढाएको जनाएको छ।

वीरगंज हेल्थकेयर अस्पतालमा सरकारबाट पाउने बीमा कार्यक्रम प्रसूतिहरूको लागि आमा सुरक्षा कार्यक्रमलगायत विभिन्न अनुदानसहितको कार्यक्रम सञ्चालन गर्दै आएको छ। साथै एक अर्बको लगानीमा सय शय्याको अस्पताल सञ्चालनमा छ। अस्पतालले मधेस प्रदेशकै अत्याधुनिक एमआरआई सेन्टर अर्थात् मेडिस्क्यान सञ्चालन गरिरहेको जनाएको छ।

## महामारी नियन्त्रण....

थियो।

पालिकामा छरिने कीटनाशक औषधिबाट लामखुट्टे, डेङ्गुका लार्भाहरू मात्र मर्ने गरेकोले झुलबाहेकको अन्य विकल्प नरहेको स्वास्थ्य शाखा प्रमुख कौशलेन्द्र मिश्रले बताए। यो रोगको उपचार निश्शुल्क भएकोले टाउको दुख्ने, लगातार जाडो लाग्ने, लगातार ज्वरो लाग्ने जस्ता लक्षण देखा परेमा स्वास्थ्य संस्थामा सम्पर्क गर्न आग्रह गरे।

पोखरिया नगरपालिका स्वास्थ्य शाखाको आयोजना तथा शाखा प्रमुख कौशलेन्द्र मिश्रको अध्यक्षतामा भएको कार्यक्रममा पारस ठाकुर, विश्वनाथ साह, ओमप्रकाश रौनियार, शिवकुमार पटेल, प्रमुख प्रशासकीय अधिकृत अशोक रौनियारले मन्तव्य व्यक्त गरेका थिए।

## ११ महीनामा पर्सामा.....

मोटरसाइकल दुर्घटना भएको तथ्याङ्कले देखाएको छ।

सो अवधिमा २२५ वटा सवारी दुर्घटना भएकामा १११ वटा सवारीसाधनमा क्षति पुगेको र सवारीसाधनको क्षति रु ७० लाख ३१ हजार मूल्याङ्कन गरिएको बताइएको छ।

गत आव २०७७/७८ मा १७७ वटा सवारी दुर्घटनामा २८ जनाको मृत्यु भएको थियो भने ८५ जना गम्भीर घाइते र १०३ जना सामान्य घाइते भएका थिए। गत आवको १२ महीनामा ११६ वटा दुर्घटनामा ५० वटा सवारीसाधनमा क्षति पुगेको थियो भने रु ४३ लाख ४५ हजार मूल्याङ्कन बराबरको क्षति पुगेको थियो।

# उपभोक्ता समितिका अध्यक्ष यादव पेश्की लिई सम्पर्कविहीन

प्रस, रौतहट, ८ असार/

दुर्गाभगवती गाउँपालिका अन्तर्गत खानेपानी सरसफाइ उपभोक्ता समितिका अध्यक्ष पेश्की रकम लिई सम्पर्कविहीन भएका छन्।

दुर्गाभगवती गापा वडा नं १ देखि ५ सम्म ३८ वटा ह्यान्ड पाइप र ३०० वटा शौचालय निर्माणका लागि १२ लाख ७५ हजार रुपैयाँ पेश्की लिई उपभोक्ता समितिका अध्यक्ष लालबाबू यादव कार्य प्रारम्भ नगरी सम्पर्कविहीन भएको दुर्गाभवगती गाउँपालिकाले जनाएको छ।

युनिसेफ र दुर्गाभगवती गापाको संयुक्त लगानीमा ३८ वटा ह्यान्ड पाइप जडान तथा ३०० वटा शौचालय निर्माणका लागि सो उपभोक्ता समितिले ७४ लाख ४६ हजार रुपैयाँको सम्झौता गरेको थियो।

४० लाख ७६ हजार युनिसेफले र ३३ लाख ७० हजार दुर्गाभगवती गापाले बेहोर्नेगरी सम्झौता भएको थियो। मार्च महीनासम्म म्याद रहे पनि कामकाज नगरेकोले सम्झौता रद्द गरिएको छ। पेश्की रकम फिर्ता गर्न ताकेदा गर्दा उपभोक्ता समितिका अध्यक्ष यादव अटेर गरी सम्पर्कविहीन भएको बताइएको छ।

## ५–११ वर्षका बालबालिका.....

जानकारी दिए।

खोप कार्यक्रमको तयारीको क्रममा हिजो मङ्गलवारदेखि दुई दिने स्वास्थ्यकर्मीहरूलाई फाइजर खोपबारे अभिमुखीकरण कार्यक्रम आयोजना गरी प्रशिक्षण दिइएको छ। नारायणी अस्पतालका फिजिशियन डा उदयनारायण सिंह र स्वास्थ्य कार्यालय, पर्साका कोल्ड चेन अधिकृत मोहनलाल साहले प्रशिक्षण दिएका थिए।

यो खोप घोलेर लगाइने भएकोले स्वास्थ्यकर्मीहरूलाई प्रशिक्षण दिइएको हो। बालबालिकालाई ०.२ एमएल कोरोनाविरुद्ध फाइजर खोप मांसपेशीमा लगाइनेछ।

### आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| | | जानकारी आएन | | |


# चट्याङको समयमा सतर्क रहौं

चट्याङबाट बच्ने उपायः

- बिजुली चम्केको बेला सतर्क रहने,
- विद्युतीय तरङ्ग टिप्न सक्ने फलाम, चीसो वस्तु नछुने,
- बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने,
- सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुक्खा ठाउँमा बस्ने,
- खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने,
- सकभर अग्लो स्थानमा नबस्ने,
- धातुका ह्यान्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने।

नेपाल सरकार
विज्ञापन बोर्ड